जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३३० • २०८३ साल बैशाख १६ गते बुधबार (29 April, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आज देशभर हावाहुरी र पानी पर्ने चेतावनी



**टुडे समाचारदाता**

जनकपुरधाम । बुधबार देशभर हावाहुरीसंगै पानी पर्ने चेतावनी जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले दिएको छ । गत शनिबारदेखि पानी पर्ने, बादल लाग्ने भइरहेकामा मंगलबार रातिदेखि नै भने प्रि-मनसुन सक्रिय हुने देखिएको छ । पश्चिमी र स्थानीय वायुको साथै नेपालको पूर्वी भू- भाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यूनचापीय क्षेत्रको प्रभावका कारण बुधबार कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा पानी पर्ने सम्भावना रहेको छ । त्यस्तै बुधबार कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानमा पनि पानी पर्ने देखिए पनि कोशी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा भने ठूलो वर्षाको पनि सम्भावना छ ।

विभागका प्रवक्ता विभूति पोखरलेका अनुसार प्रि-मनसुनको सिजन भएकाले मेघगर्जन, चट्याङ र हावाहुरीको सम्भावना रहेको जनाएको छ । उनले भने, 'आज राति कोशीका धेरै स्थान मधेश, बागमती र गण्डकीका केही स्थानमा पानी पर्ने देखिन्छ, बुधबार भने अझ विस्तार भएर देशभर पानी पर्ने आकलन छ । बुधबार राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशको धेरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका पहाडी र हिमाली भूभागका थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भूभागका एक/दुई स्थानमा पनि मध्यमसम्मको वर्षाको आकलन छ ।

बिहीबार भने मौसममा केही सुधार हुने सम्भावना रहेको छ । बिहीबार दिउँसो हिमाली र पहाडी भू-भागका केही स्थान तथा तराई भूभागका थोरै स्थानमा मध्यमसम्मको वर्षाका सम्भावना रहेको छ ।

बुधबार साँझ देशका विभिन्न क्षेत्रमा हावाहुरी पनि चल्ने सम्भावना रहेको छ ।

### लेखापालको चर्तिकला अगाडि प्रहरी मूकदर्शक

## शक्ति र पहुँचको चरम दुरुपयोग, बन्दूक पड्काउँदा कारबाहीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहट जिल्लाको गरुडा नगरपालिकाका लेखापाल सत्यनारायण सहनीले विवाह समारोहमा बन्दुक पड्काएपछि उनीमाथि कारबाही हुनुपर्ने माग उठ्न थालेको छ । लेखापाल सहनीले पड्काएको बन्दूकको दृश्य अहिले सामाजिक सञ्जालमा निकै भाइरल भइरहेको अवस्थामा उनको आलोचनासंगै शक्ति, पहुँचका कारण समाजमा त्रास वातावरण बनाउन खोजेको भन्दै उनलाई कारबाही गर्न आवाज उठ्न थालेको छ । उनको यस हर्कतले सरकारी कर्मचारीको आचरण र कानुनी जिम्मेवारीबारे गम्भीर प्रश्न खडा गरेको छ ।

गरुडा नगरपालिकामा कार्यरत लेखापाल सहनी सोही नगरपालिकाका वडा नम्बर ३ मलाही टोलमा आफ्ना एक आफन्तको छोरीको विवाह समारोहमा बन्दूक पड्काउँदै गरेको दृश्यसहितको भिडियोमा देखिन्छ । उक्त भिडियोमा उनीसंगै रहेका अर्का एक व्यक्तिले पनि बन्दूक चलाएको स्पष्ट देख्न सकिन्छ ।



घटनाले थप चर्चा तब पायो, जब बन्दूकको गोली लागेर विवाहमा प्रयोग गरिएको महँगो ड्रोन क्यामेरा नष्ट भएको दृश्य सार्वजनिक भयो । लाखौं मूल्य पर्ने उक्त उपकरण फुटेको घटनापछि सामाजिक सञ्जालमा आलोचना झनै चर्किएको छ । सरकारी पदमा बसेका व्यक्तिले सार्वजनिक समारोहमा हतियार प्रयोग गर्नु कति उचित हो भन्ने प्रश्न व्यापक रूपमा उठिरहेको छ ।

यता लेखापाल सहनीले प्रयोग गरेको बन्दूकको लाइसेन्स छ वा छैन भन्ने विषय पनि स्पष्ट भइसकेको छैन । सम्बन्धित निकायहरू भने घटनाबारे मौनता साँधेका छन् । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भूषालले घटनाबारे जानकारी आएको स्वीकारे । तर यस विषयलाई सुरक्षा समितिको बैठकमा उठाउने भन्दै उनी पन्छिए । त्यसैगरि जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्तासमेत रहेका डिएसपी विष्णु प्रदीप बस्यालले पनि सामाजिक सञ्जालमार्फत भिडियो देखेको जनाउँदै घटनाबारे गरुडा प्रहरी चौकीबाट थप बुझ्ने काम भइरहेको बताए । उनका अनुसार हालसम्म प्रहरीसंग सामाजिक सञ्जालमा देखिएको भिडियोबाहेक अन्य आधिकारिक विवरण छैन । गरुडा प्रहरी चौकीले पनि घटनाबारे आफूहरूलाई सामाजिक सञ्जालबाट मात्रै जानकारी आएको बताउँदै विस्तृत विवरण जिल्ला प्रहरी कार्यालयबाट नै जानकारी लिनु भनेका छन् ।

दुवै प्रहरी निकायले एक अर्कासंग बुझ्न भनि जवाफ दिनबाट पन्छिरहेको देखिन्छ । घटना सार्वजनिक भएको एक दिन बितिसक्दा पनि अनुसन्धानको स्पष्ट प्रगति सार्वजनिक नभएकाले स्थानीयवासीहरूमा जिज्ञासा र असन्तुष्टि बढ्दै गएको छ ।

गरुडा नगरपालिकाका मेयर कन्थमणि प्रसाद कलवारले पनि घटनाबारे जानकारी पाएको बताए । उनका अनुसार लेखापाल सहनीसंग एउटा लाइसेन्स प्राप्त बन्दूक रहेको बुझिए पनि विवाह समारोहमा प्रयोग गरिएको बन्दूक त्यहीँ हो वा होइन भन्ने विषय अझै स्पष्ट छैन । यसका साथै, उनले यस्तो कार्य किन र कसरी भयो भन्ने विषयमा प्रहरीले छानबिन गर्न आवश्यक रहेको बताए ।

यस घटनाले सरकारी कर्मचारीको आचरण, सार्वजनिक सुरक्षाको सवाल र कानुनी कार्यान्वयनको प्रभावकारितामाथि गम्भीर बहस शुरु गराएको छ ।

## कर्मचारीकै कारण सेवाग्राहीलाई सास्ती

**टुडे समाचारदाता**

राजविराज ।सधैंभरि कर्मचारीले अनेकन बहानामा सेवाग्राहीलाई हैरान पार्ने र घुस नदिएसम्म विभिन्न बहानामा आलटाल गरिरहने कर्मचारीको मनोपोलीको भण्डाफोर गरिएको छ ।

जसको ज्वलन्त उदाहरण हो, सप्तरीमा भएको लालपूर्जा वितरण कार्यक्रम । सप्तरीको डाक्नेश्वरी नगरपालिका-९ पत्थरगाडामा जग्गाधनी दर्ता प्रमाणपत्र वितरण कार्यक्रममै सेवाग्राहीबाट एक कर्मचारीले घुस मागेपछि कर्मचारीको मनोपोलीको भण्डाफोर गरेका छन् ।



लालपूर्जा वितरण कार्यक्रम चलिरहँदा सेवाग्राहीले अमिनलाई घुस दिनुपरेको गुनासो गरेका छन् । मञ्चमै उठेको गुनासोमा अमिनलगायत कर्मचारीले हजारौं रकम असुलेको विषय सार्वजनिक भएपछि कार्यक्रम नै विवादित बनेको छ । सम्बन्धित अधिकारीले प्रमाणसहित उजुरी गर्न आग्रह गरे पनि सेवाग्राही विश्वस्त हुन सकिरहेका छैनन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका- ९ स्थित पत्थरगाडामा शुक्रबार दिउँसो नापी कार्यालय सप्तरीले गाउँ बल्कको जग्गाधनी दर्ता प्रमाणपत्र वितरण कार्यक्रम आयोजना गरेको थियो । नापी कार्यालयले पहिलो चरणमा उक्त वडाका ३ सय ४६ जना बल्क जग्गाधनीलाई प्रमाणपत्र वितरणसँगै बीचबीचमा मन्तव्य कार्यक्रम राखिरहेको थियो । तर कार्यक्रमका प्रमुख अतिथि रास्वपाबाट निर्वाचित सप्तरी- ३ का सांसद अमरकान्त चौधरी बोलिरहँदा २/३ जना सहभागी सेवाग्राहीले लालपूर्जा लिन घुस दिनुपरेको गुनासो गर्दै हल्ला गर्न थाले ।

सो क्रममा सांसद चौधरीले पहिले घुस लिए पनि अब भने कसैले नलिने आश्वासन दिँदै आफ्नो भाषण छोट्याए । नापी कार्यालयका प्रमुख शत्रुघ्न यादवले घुस लिएको भन्ने प्रमाणसहित आफूलाई सीधै खबर गर्नू भनेर मञ्चबाटै मोबाइल नम्बर टिपाउन थाले । तर सेवाग्राहीले होहल्ला गर्दै अमिनहरूले आफूहरूसंग पटकपटक १४ हजार रुपैयाँसम्म घुस लिएको गुनासो गरेका थिए ।

सार्वजनिक कार्यक्रममै घुस दिनुपरेको आरोप आउँदा पनि सम्बन्धित निकायले गम्भीरतापूर्वक नलिदाँ सेवाग्राही भने निरश भएका छन् ।

### दीपक-सुलभ प्रकरणः

## नेपाल माइक्रो इन्स्योरेन्सका अध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडका अध्यक्ष आशीष श्रेष्ठलाई सीआईबीले पक्राउ गरेको छ ।




नेपाल बीमा प्राधिकरण, कुपण्डोलको सिफारिस र आकस्मिक स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले बीमा ऐन, २०७९ अन्तर्गतको कसूर गरेको आरोपमा इन्स्योरेन्सका अध्यक्ष श्रेष्ठलाई पक्राउ गरेको छ ।

नेपाल बीमा प्राधिकरणले बैशाख ८ गते नेपाल माईक्रो इन्स्योरेन्स कम्पनीले बीमा ऐन २०७९ को दफा १४० को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूर गरेको भन्दै अनुसन्धानका लागि प्रहरीलाई पत्राचार गरेको थियो । प्राधिकरणको आकस्मिक निरीक्षणका क्रममा कम्पनी र यसका पदाधिकारीहरूको संलग्नतामा गम्भीर आर्थिक वा प्रशासनिक अनियमितता भएको निष्कर्ष निकाल्दै कारबाहीका लागि सुझाव दिइएको थियो ।

विभिन्न कम्पनीको रकम दुरूपयोग गरेको र सम्पत्ति शुद्धीकरणको आरोपमा सीआईबी नियन्त्रणमा रहेका व्यवसायीहरू दीपक भट्ट र सुलभ अग्रवालबारे भइरहेको अनुसन्धानमा नेपाल माइक्रो इन्स्योरेन्स पनि जोडिएको भन्दै श्रेष्ठलाई पक्राउ गरेको छ ।

व्यवसायी दीपक भट्टको नाममा उधारोमा किनेको सेयरको भुक्तानी हिमालयन रिइन्स्योरेन्ससँगै नेपाल माइक्रो इन्स्योरेन्सबाट पनि भुक्तानी हुनेसक्ने आशंका गरिएको छ ।

व्यवसायी भट्टलाई उधारोमा सेयर किनिदिने भृकुटी स्टक ब्रोकिङले नेपाल माइक्रो इन्स्योरेन्सलाई १६ करोड १७ लाख रूपैयाँ तिर्न बाँकी छ ।

यस विषयमा बीमा प्राधिकरणको प्रतिवेदन प्राप्त भएपछि प्रहरीले अनुसन्धान अगाडि बढाएको थियो । सोही क्रममा श्रेष्ठको संलग्नता देखिएपछि उनलाई पक्राउ गर्न काठमाण्डु जिल्ला अदालतबाट बैशाख १४ गते अनुमति लिएको थियो । जिल्ला अदालतको अनुमति पाएको अर्कोदिनमै प्रहरीले उनलाई पक्राउ गरेको छ ।

पक्राउ परेका श्रेष्ठमाथि बीमा ऐन विपरीतका कार्य गरी सर्वसाधारण वा संस्थालाई हानी नोक्सानी पुर्‍याएको विषयमा थप अनुसन्धान भइरहेको जनाइएको छ ।



# मेडिकल कलेज निर्माणको एक दशकको सपना पूरा हुने आश

महोत्तरी । मधेसको बर्दिवासमा मेडिकल कलेज बन्ने करिब एक दशकको सपना साकार हुने आश जागेको छ । आर्थिक वर्ष २०७४/७५ मा सङ्घीय सरकारको बजेटमा सम्बोधन गरिएपछि सँगालिएको बर्दिवास मेडिकल कलेज निर्माणको सपना करिब एक दशकपछि आशलाग्दो गरी गति लिएपछि नगरक्षेत्रमा उत्साह बढेको हो ।




"प्रक्रियाले अन्तिम रूप लिएको छ", बर्दिवास नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले भन्नुभयो, "योसँगै यहाँ मेडिकल कलेज बन्ने सपना पूरा हुने भयो ।" कलेज निर्माणका लागि प्रस्तावित बर्दिवास-४ माईस्थान वनक्षेत्रको ५४ दशमलव ५८४ हेक्टर जग्गाको सट्टा भर्ना रकम वन विकास कोषमा जम्मा गर्न डिभिजन वन कार्यालय महोत्तरीले लागत अनुमान रकम यकीन गरेर वन तथा भू-संरक्षण विभागमा पत्राचार गरेसँगै प्रक्रिया निर्णायक तहमा पुगेको उहाँको भनाइ छ ।

आव २०७४/७५ मा सङ्घीय सरकारले मुलुकका सबै प्रदेशमा एक/एक मेडिकल कलेज निर्माणको अवधारणा ल्याएसँगै मधेसको बर्दिवास मेडिकल कलेजका लागि बजेटमा विनियोजन भएको थियो । लगत्तै २०७५ वैशाखमा तत्कालीन उपप्रधानमन्त्री ईश्वर पोखरेलले बर्दिवास-१ मा मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयको उद्घाटन गरेसँगै संस्थागत प्रयत्नको थालनी भएको हो ।

यसअघि सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जग्गा यकीन गर्न गठन गरेको कार्यदलले बर्दिवास-४ माइस्थानको अटावे खोल्सी पूर्व, भब्सी खोला पश्चिम, पूर्वपश्चिम महेन्द्र राजमार्ग उत्तर र माइस्थान-बर्दिवास सडकदेखि दक्षिणको ५४ दशमलव ५८४ हेक्टर वन क्षेत्रको जग्गा कलेज निर्माणका लागि उपयुक्त हुने प्रतिवेदन विसं २०७४ मा दिएको थियो ।

आयोजना कार्यालय सञ्चालन भएलगत्तै सो प्रस्तावित जग्गा कलेजलाई दिन नहुने भन्दै सर्वोच्च अदालतमा मुद्दा दर्ता भएपछि प्रक्रिया अल्झिएको थियो । सर्वोच्च अदालतले विसं २०८० जेठ २९ गते कलेज निर्माणका लागि प्रस्तावित स्थलका काटिने रुख एक हजार ९६७ को १० गुणा बढी अर्थात् १९ हजार ६७० नयाँ बिरुवा रोपेर ती सरेको प्रमाणित भएपछि आयोजनाको काम अघि बढ्नसक्ने आदेश गरेपछि थप प्रक्रियाले गति लिएको नगरप्रमुख क्षेत्रीले बताउनुभयो ।

"अदालतका आदेशलगत्तै २०८० सालको असारमा बर्दिवास-५ को टुटेश्वरस्थित माण्डवीगङ्गा (मडहा) र सोनामती (सोनी) नदी किनारमा २३ हजार बिरुवा रोपिएको वृक्षरोपण क्षेत्र विभागका उच्च अधिकृतको गत चैत अन्तिम साताको स्थलगत अनुगमनमा बिरुवा सरेको र चारैतिर काँडेतार घेराबेरा गरेर सुरक्षा गरेको पाइएपछि जग्गा सट्टाभर्नाको लागत अनुमान गरी पठाउन डिभिजन वन कार्यालय महोत्तरीलाई पत्राचार गर्‍यो", उहाँले भन्नुभयो ।

अहिले सो लागत अनुमान प्रतिवेदन विभागमा पुगेपछि थप प्रक्रिया अघि बढ्ने क्रममा रहेको आयोजना कार्यालयका निर्देशक निर्मल घिमिरेले बताउनुभयो । "वन विकास कोषमा जम्मा गरि नुपर्ने रकमको यकीन भएको छ । विभागले हामीलाई कोषमा रकम जम्मा गर्न भनेपछि प्रक्रियामा अघि बढाएका छौँ", उहाँले भन्नुभयो, "कोषमा रकम राख्ने प्रक्रियासँगै जग्गा प्राप्ति र रुख कटानको अनुमति सँगसँगै बढ्छ, प्रक्रिया अहिलेकै गतिमा काम भए यी काम चालु आवभित्र सम्पन्न हुनेछन् ।"

आयोजनाले रु २६ करोड ४६ लाख नौ हजार ५२५ वन विकास कोषमा जम्मा गर्नुपर्ने लागत अनुमान प्रतिवेदनको ठहर भएको घिमिरेले जानकारी दिनुभयो । लागत अनुमान प्रतिवेदनमा वन क्षेत्र प्रयोगको स्वीकृतिवापत ५४ दशमलव ५८४ हेक्टर क्षेत्रको सट्टा भर्नास्वरूप रु १९ करोड १० लाख ४४ हजार निर्धारण गरिएको छ ।

यसैगरी सट्टा भर्ना गरिएको जग्गामा वृक्षरोपण गर्न छ करोड ४२ हजार ४०० र हटाइने रूख तथा पोलको सट्टामा वृक्षरोपण गर्न रु एक करोड ३५ लाख २३ हजार १२५ खर्च हुने अनुमान छ । यी तीनै शीर्षकको जम्मा रकम रु २६ करोड ४६ लाख नौ हजार ५२५ तोकिएको घिमिरेले स्पष्ट पार्नुभयो ।

आयोजना कार्यालय विसं २०७५ मा स्थापना गरिए पनि कलेज बन्न प्रस्तावित जग्गाको स्वीकृति डिभिजन वन कार्यालय महोत्तरी र मधेस प्रदेश सरकारले केही महिना पहिलेमात्र दिएका हुन् । कलेजको जग्गाप्राप्तिका निर्णायक प्रक्रिया चालु आव २०८२/८३ मा हुनुले बर्दिवास नगरवासी अब भने काम अघि बढ्ने विश्वासमा छन् ।

"अब जग्गाप्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेछ, यसपालि भैरै कामले गति लियो", बर्दिवास उद्योग वाणिज्य सङ्घका महासचिव केदार गौतमले भन्नुभयो, "यो कलेज निर्माणले बर्दिवासलाई मधेसकै शैक्षिक केन्द्र बनाइने स्थानीय प्रतिबद्धतामा ठूलो सफलता मिल्ने छ ।"

यसैगरी बर्दिवास-४ का वडाध्यक्ष अक्कलबहादुर तामाङले आफ्नो ठाउँमा कलेज निर्माणको प्रक्रियाले गति लिएसँगै स्थानीय बासिन्दामा अब विभिन्न क्षेत्रका पूर्वाधार विकास र सहर विस्तार हुने आश बढेको बताउनुभयो ।

बर्दिवास मेडिकल कलेजका दुई वटा भवन बन्ने विस्तृत परियोजना प्रस्ताव (डिपिआर) मा उल्लेख छ । निर्माण हुने दुई भवनमा ६०० र ४०० शय्या हुनेछन् । दुवै भवनमा गरी एक हजार शय्याको अस्पताल, यस अतिरिक्त मेडिकल कलेज भवन, प्रशासनिक कक्ष, प्राध्यापक तथा कर्मचारी आवास, छात्राबास र कुरुवा घरलगायत भौतिक संरचना निर्माण गरिने प्रस्तावमा उल्लेख छन् । यो विस्तृत परियोजना प्रस्ताव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरिसकेको निर्देशक घिमिरेले जानकारी दिनुभयो । रासस

## दुर्घटनामा एक जनाको मृत्यु

इनरुवा । यहाँको इटहरी उपमहानगरपालिका- ५ मा गए राति दुर्घटनामा परेर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा भोक्राहा-६ का ३५ वर्षीय राजवीरेन उराउ रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो । पूर्व-पश्चिम राजमार्गअन्तर्गत इटहरी-५ कलङ्कीमा निर्माणाधीन 'डाइभर्सन'मा कोरप ४५८९ नम्बरको स्कुटर आफैँ अनियन्त्रित भइ ठोक्किँदा उराँव गम्भीर घाइते भएका थिए ।रासस


## भूमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट
### मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही गोपिचंन चमारको नाम मरुवा मोही लगत कटा गरी पाउँ भनी कार्यवाहीको क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मरुवा मोही लगतकटा गर्न नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपसिल

| ज.ध. को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| रामनाथ साहः कानु | रौ. | औरैया | १ | १६२ | ०-१-१५ |

भगुवा मोही गोपिचंन चमार औरैया वार्ड नं. २

## भुमि सुधार तथा मालापोत कार्यालय गौर, रौतहट
### दा.खा. सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला रौतहट साविक गाविस बैरिया वडा न. ४ परिवर्तित राजपुर फरहदवा १ हाल राजपुर फरहदवा नपा.५ मा बस्ने शेख मजिदको छोरी शेख ताहिर हुसेनको पत्नि रकिवा खातुन भन्ने रकिवालेरौ.जि.अ.गौरको जग्गा खिचोला अपुताली हक कायम दर्ता चलन मुद्रा नं. ०८१-CP-२८३९ मामिति-२०८२/०७/०२ गतेको मिलापत्र रौ.जि.अ. गौरको चलानी नं.११०८ मिति २०८२/०७/०२ गतेकोमिलापत्रको जनाउ पत्र समेतले तपशिलमा उल्लेखित जग्गाको आफ्नो नाउँमा दा.खा.गरी पाउ भनी द.नं.३९३५मिति-२०८२/०७/१४ गतेको माग निवेदन पेश भई आएकोमा रौ.जि.अ. गौरको मिलापत्रको ब्यहोरामा ज.ध.शेखमजिदको अन्य छोराछोरी जिवित सन्तान नभई वादी रकिवा खातुन मात्र उल्लेख भई आएको देखिएको साथैराजपुर न.पा.-५ को चलानी नं. ३४० मिति २०८२/०७/२६ गतेको पत्र वमोजिम उक्त दावी जग्गा रकिवाखातुन भन्ने रकिवाले हकभोग गर्दै आएको भनी सिफरिस समेत भई आएकोले तथा उक्त दावीको जग्गाको मोठभिडान हुदाँ मोठ कायम रही रोक्का नदेखिएको भनी मोठफाँवाट लेखिआएको साथै यस कार्यालयको मोठ श्रेस्ताकोज.ध.महलमा मजिद, शेख शे. अब्दुल मजिद, अब्दुल मजिद सेख भनी फरक फरक नाम उल्लेख रहेको तथाज.ध.को स्थायी ठेगाना महलमा वडा नं. ३ कतै वनं ४ तथा कतै राजपुर मात्र उल्लेख रहेको तथा ज.ध. कोतिनपुस्ते विवरण समेत नरहेको हुदाँ सो सम्बन्धमा निज स्व.ज.ध.शेख मजिदको हक खाने छोरी रकिवा खातुनकोनाउँमा रौ.जि.अ.गौरको मिति २०८२/०७/०२ गतेमा भएको मिलापत्र बमोजिम दा.खा.हुने वानहुने सम्बन्धमा हकदावी वारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी म्याद सकेपछि पेश गर्ने भनी मिति२०८२/१२/३० गतेको आदेशा बमोजिम सो को हकदावी वारे ३५ दिने सार्वजनिक सूचना जारी गरीकोछानिजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनैकारण भए स-प्रमाण सहित आफु वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यसकार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम दा.खा. भै जाने छ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | राजपुर फरहदवा | ९ङ | ११५ | ०-१२-१० | मजिद शेख |
| रौतहट | नरकटिया | १ग | २३३ | ०-१-१६ | वार्ड न. ३ |
| रौतहट | जटहरा | ४ | ७८ | ०-२-१२ | |
| रौतहट | जटहरा | ४ | १५१ | ०-३-१० | अब्दुल मजिद शेख वार्ड न.४ |
| रौतहट | बसन्तपटी | ४क | ४०६ | ०-२-० | शेख अब्दुल मजिद राजपुर शे.मजिद |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
### हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक जि.ध.गा.वि.स. गिद्धा बडा नं. ३ मा बस्ने ढोढाई महतोको नाती राम सरुप महतो सुडीको छोरा शिव शंकर महतोले वादी म निवेदक शिव शंकर महतो र प्रतिवादी मेरा बाबु राम स्वरुप महतो सुडी भएको श्री ध.जि.अ.मा २०७४ सालको दे.नं. ०७४-CP-०१११ को अंशदर्ता मुद्दामा मिति २०७५/०२/२३ गतेमा मिलापत्र गराई लिएको उक्त मिलापत्र अनुसार दा. खा. दर्ता गराउन आउँदा मेरो बुवा राम सरुप महतो सुडीको नाउँमा दर्ता रहेको जि.ध.गा.वि.स. गिद्धा वडा नं. ३ख कि.नं.५२० ज.वि.०-३-३-० र ऐ.ऐ.कि.नं.५२२ ज.वि.०-१-४-८ जग्गाको स्रेस्ता फेला नपरेकोले खेस्ता कायम गरी साथै मेरो नाउँमा दर्ता कायम रहेको ऐ.वडा नं.१ क कि.नं.५०४ ज.वि.०-२-१०-४ र ऐ.बडा नं.४क कि.नं.६५२ ज.वि.०-२-२-० जग्गामा मिति २०७५/०२/३१ मा दा.खा. मोठ भिडेकोले कट्टा गरी अदालतको मिलापत्र बमोजिम दा. खा. दर्ता गरी पाउँ भनी द.नं.७४२७ मिति २०८२/०८/०७ को माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/१४ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको सेस्ता कायम र दा.खा. मोठ भिडेको कट्टा गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

[illegible]

तपसिल

[illegible]

Siddhartha Bank

[illegible]



## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आजको दिन तपाईका लागि मिश्रित रहनेछ ।
**वृष :** साथीभाइ र दाजुभाइको सहयोगले अधुरा रहेका कामहरु पूरा हुनेछन् ।
**मिथुन :** आज आर्थिक लाभको योग छ ।
**कर्कट :** बोलीको प्रभावले अरुलाई आकर्षित गर्न सकिनेछ ।
**सिंह :** आयस्रोत भन्दा खर्चको मात्रा बढ्न सक्छ।
**कन्या :** सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ ।
**तुला :** पद प्रतिष्ठा प्राप्त हुने सम्भावना छ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**वृश्चिक :** लामो समयदेखि रोकिएको काम बन्नेछ ।
**धनु :** आज सावधानी अपनाउनुपर्ने दिन छ।
**मकर :** साझेदारीमा गरिएको कामबाट लाभ हुनेछ ।
**कुम्भः** कानूनसम्बन्धी विवाद वा समस्याहरुबाट मुक्ति मिल्नेछ। शत्रुहरु परास्त हुनेछन् ।
**मीनः** सन्तानबाट सुख प्राप्त हुनेछ । नयाँ रचनात्मक कार्यमा मन जानेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कर्जा चुक्ता गर्ने सम्बन्धी ३५(पैतीस) दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/१६**

यस ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि.बाट चल अचल सम्पत्ति सूरक्षण वापत धितो राखी वा सामूहिक जमानीमा तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको सावा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले एवं पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतीस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सार्वजनिक सूचना प्रकाशित भएको ३५ (पैतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सावा, ब्याज लगायतका अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखित बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति समेत लिलाम बिक्री गरि लघुवित्त वित्तीय संस्थाको सम्पुर्ण आफ्नो लेना रकम असूल उपर गरिनेछ। ऋण कर्जा चुक्ता गराउने जिम्मेबारी जमानीकर्ताको समेतको रहेकाले कर्जा चुक्ता गराउन पहल गर्नु हुन यसै सुचनाद्वारा जानकारी गराईन्छ। साथै उक्त चल अचल सम्पत्ति लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पुर्ण आफ्नो लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धि ऋण असूली ऐन २०५८ तथा यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखित तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानी कर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाकी लेना रकम असुल उपर गरिने तथा कर्जा नतिरी खराब बर्गमा रहेको ऋणीहरुलाई कर्जा सुचना केन्द्रको कालो सूचिमा सूचिकृत गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरिन्छ।

| ऋणीको विवरण | | | | | | | | | | | | ब्यक्तिगत जमानीकर्ता विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | | कार्यालयको नाम, ठेगाना | ऋणीको नाम | लिग | ना.प्र.प.न. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना,वडा | पतिको नाम | पिताको नाम | ससुराको नाम | नाम | सिंग | ना.प्र.प.न. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना, वडा | पतिको नाम | पिताको नाम | ससुराको नाम |
| १ | १ | शाखा कार्यालय देवपुरा रुपैठा | गीता देवी ठाकुर | महिला | ९०९७ | २०६२/०४/१८ | नगराईन ९, घोड्घास | नगराईन ९, घोड्घास | विश्वनाथ ठाकुर | किशोरी ठाकुर | कुशेश्वर ठाकुर | विश्वनाथ ठाकुर | पुरुष | ३२६२८५१७ | २०५५.०९.०७-धनुषा | घोड्घास ५, धनुषा | नगराईन ९, घोड्घास | गीता देवी ठाकुर | कुशेश्वर ठाकुर | किशोरी ठाकुर |
| २ | २ | शाखा कार्यालय देवपुरा रुपैठा | गुडिया देवी पासमान | महिला | १७-०१-७४-००१३४ | १/६/२०७४ | नगराईन ४, अकौरा | नगराईन ८ अकौरा | राम गोबिन्द पासमान | लक्ष्तर पासमान | वकिल पासमान | राम गोबिन्द पासमान | पुरुष | १७३०७७/१५४ | २/१९/२०७० | देवडीहा ३, धनुषा | नगराईन ८, अकौरा | गुडिया देवी पासमान | वकिल पासमान | लक्ष्तर पासमान |
| ३ | ३ | शाखा कार्यालय देवपुरा रुपैठा | सोधिरा देवी दास | महिला | १७-०१-७६-००७५३ | १/१५/२०७६ | नगराईन ८ अकौरा | नगराईन ८ अकौरा | सरोज कुमार दास | दशैं दास | चन्देश्वर दास | मनोज कुमार दास | पुरुष | १७-०१-७१-०३९९२ | ९/४/२०७१ | देवडीहा ३, धनुषा | नगराईन ८, अकौरा | | चन्देश्वर दास | |
| ४ | ४ | शाखा कार्यालय देवपुरा रुपैठा | सोभा देवी पासमान | महिला | १७-०१-७३-१०९८५ | ९/१९/२०७३ | देवडीहा ३ , धनुषा | नगराईन ८ अकौरा | लालबाबु पासमान | महिन्द्र पासमान | सिल्टू पासमान | लालबाबु पासमान | पुरुष | १७३०७७-६३४ | १/१४/२०६४ | देवडीहा ३, धनुषा | नगराईन ८, अकौरा | सोभा देवी पासमान | सिल्टू पासमान | महिन्द्र पासमान |
| ५ | ५ | शाखा कार्यालय देवपुरा रुपैठा | तन्जीला खातुन | महिला | १७११०२/२७४० | ०२/०१/२०७० | बसहिया १, धनुषा | जनकपुर, २४ बसहिया | उषमान शेष | अताबुल शेष | सैदुल मिया | जहानी खातुन | महिला | १७३०८०/२३३ | १०/१७/२०६३ | बसहिया १, धनुषा | जनकपुर, २४ बसहिया | | शेष वारिस | मोस्लीम शेष |
| ६ | ६ | शाखा कार्यालय देवपुरा रुपैठा | राहाना खातुन | महिला | १७३०८०/४ | २०७०.०२.२० | बसहिया १, धनुषा | जनकपुर, २४ बसहिया | फैजले शेष | मो ऐनुल | शेष इनताप | शेष जम्सैद | पुरुष | ९३४०७२ | १२/१४/२०४४ | बसहिया १, धनुषा | जनकपुर, २४ बसहिया | | शेष मोस्लीम | |
| ७ | १ | जनकपुर शाखा | दुलारी कुमारी | महिला | ३७८९१८९५ | धनुषा | एकराही | १ | जितन मण्डल | राम नन्दन मण्डल | रामचन्द्र मण्डल | किशन कुमार मण्डल | पुरुष | १७१०१५/३९४ | २०७०/१०/१९, धनुषा | एकराही | ३ | | कारी बाबु मण्डल धानुक | |
| ८ | २ | जनकपुर शाखा | वुद्धि माया | महिला | ३९६९१३०२ | धनुषा | जनकपुर | ११ | महम्मद ईसराईल | गन्ज मान | | हैदर अली | पुरुष | १७११०२/१०९१ | २०६६/०१/१०, धनुषा | जनकपुर | १ | | मो. ईसराईल | |
| ९ | ३ | जनकपुर शाखा | मनोदर खातुन | महिला | ३०७९ | धनुषा | जनकपुर | ११ | मो. अखतर | महमुद आलम | | मो. नौसाद | पुरुष | ३९६९५७४५ | २०६३/०६/०५, धनुषा | जनकपुर | १ | | मो. समसूल | |
| १० | १ | शाखा मलंगवा २ | रिंकी कुमारी | महिला | १९३००६/२४४ | १/४/२०६४ सर्लाही | खैर्वा-२ | रामनगर-१ | विजय कुमार सिंह | हरि शंकर ठाकुर | रामदेव सिंह भुमिहार | विजय कुमार सिंह | पुरुष | ४६५७००६३ | ७/२६/२०६३ सर्लाही | खैर्वा-६ | रामनगर-१ | | रामदेव सिंह भुमिहार | हरि शंकर ठाकुर |
| ११ | २ | शाखा मलंगवा २ | सुनिता देवी | महिला | १९३०४५/४३७ | १/२/२०६४ सर्लाही | पर्सा ७ | पर्सा-६ | सोनेलाल महतो कोइरी | रामबरण महतो | रामदेव महतो कोइरी | रामदेव महतो कोइरी | पुरुष | ७००५११८५ | | पर्सा-६ | पर्सा-६ | | | |
| १२ | ३ | शाखा मलंगवा २ | रिता कुमारी | महिला | १९-०१-७४-०७१५८ | ७/१३/२०७४ सर्लाही | मलंगवा-४ | मलंगवा-४ | राजेश चमार | उपेन्द्र महरा | चन्देश्वर चमार | चन्देश्वर चमार | पुरुष | २९१७२७१७/११ | ६/२५/२०५२ सर्लाही | मलंगवा-४ | मलंगवा-४ | | प्यारे चमार | |
| १३ | ४ | शाखा मलंगवा २ | पारो देवी | महिला | १९-०१-७४-०५५०५ | २०७४/५/१५ सर्लाही | मलंगवा-१२ | मलंगवा-१२ | ईन्दल राय | सूर्य नारायण यादव | जय करण राय यादव | रासो देवी | महिला | ६६१५२०५२ | २/११/२०४६ सर्लाही | गमहरिया-५ | मलंगवा-१२ | जय करण राय यादव | विलास राय यादव | |
| १४ | ५ | शाखा मलंगवा २ | हरिसा खातुन | महिला | १९३०३२/२८३ | १०/८/२०६३ सर्लाही | मुसैली-७ | मलंगवा-७ | फरमान लहेरी | राम ईकवाल मिया लहेरी | तिरफल लहेरी | फरमान लहेरी | पुरुष | १९३०३२र११ | १०/१/२०६३ | मुसैली-७ | मलंगवा-७ | | तिरफल लहेरी | |
| १५ | ६ | शाखा मलंगवा २ | असमाहुल खातुन | महिला | १९-०१-७४-०४४८२ | २०७४/०४/१२ सर्लाही | गोडैता-८ | गोडैता-७ | गोनौर महमद | सुवदार मिया | सुलमान मिया | सैरा खातून | महिला | १९३०२२/३०३ | १२/२१/२०६३ सर्लाही | गोडैता-५ | गोडैता-८ | सुलमान मिया | बुधु मन्सुर | |
| १६ | ७ | शाखा मलंगवा २ | मिना देवी महतो | महिला | ६३७९००१८ | २०६३/०५/१३ सर्लाही | मुसैली-२ | मलंगवा-७ | राम कुमार महतो | विर्छा महतो नुनिया | सरजुग महतो | राम कुमार महतो | पुरुष | ६३७९१३६७ | २०४५/०१/१४ सर्लाही | मुसैली-२ | मलंगवा-७ | | सरजुग महतो | |
| १७ | ८ | शाखा मलंगवा २ | सुनैना देवी | महिला | १९-०१-७५-०२१२६ | २/२२/२०७५ | पर्सा -६ | पर्सा -६ | राजेश राय | चन्देश्वर राय | कपलदेव राय | राजेश राय | पुरुष | १९१०४५/१०४ | २०५६/०८/०९ सर्लाही | पर्सा -६ | पर्सा -६ | | कपलदेव राय | |
| १८ | १ | नगराईन-९ घोडघास | रामकलि देबि | महिला | ०७२३१८५५ | महोत्तरी २०४४/१२/३ | बिनधी ६ बनौली | पिपरा ७ बनौली | राम लखन साह | महन्थ साह | बासुदेब साह | सत्रोहन कुमार साह | पुरुष | १८-०१-७४/०७८५९ | महोत्तरी २०७४/०९/३० | बनौली दनौली ६ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | राम लखन साह | |
| १९ | २ | नगराईन-९ घोडघास | रिंकु देबि | महिला | १८-०१-७३-०८४७२ | महोत्तरी २०७३/१२/१५ | देबडिहा १ धनुषा | पिपरा ७ बनौली | हरखित चौधरी | बिन्देश्वर झा | माधाबिन्द चौधरी | खुस्बु कुमारी | महिला | १८-०१-७७-००५०८ | महोत्तरी २०७७/०६/०६ | बनौली दनौली ५ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बिनित कुमार झा | |
| २० | ३ | नगराईन-९ घोडघास | रन्जिता कुमारी ठाकुर | महिला | १८-०१-७७-०२५०६ | महोत्तरी २०७७/०६/३० | पिपरा ७ महोत्तरी | पिपरा ७ बनौली | जैराम ठाकुर | बिल्टु ठाकुर बरहि | बिन्देश्वर ठाकुर बरहि | जैराम ठाकुर | पुरुष | ०४३३३१८८ | महोत्तरी २०६१/११/१८ | पिपरा ७ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बिन्देस्वर ठाकुर बरहि | बिल्टु ठाकुर बरहि |
| २१ | ४ | नगराईन-९ घोडघास | मन्तोरिया देबी | महिला | १८३०१४/२५६ | महोत्तरी २०७३/१०/२९ | बनौलि ६, महोत्तरी | पिपरा ७ बनौली | ज्ञानु दास | कदुन दास | बद्रि दास | ज्ञानु दास | पुरुष | ०४३३२६८६ | महोत्तरी २०५५/१२/२५ | बनौली दनौली ९ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बद्रि दास | कदुन दास |
| २२ | ५ | नगराईन-९ घोडघास | इन्दर कुमारी पंडित | महिला | १८३०१४/२५४ | महोत्तरी २०६३/१२/२० | बनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | संजय कुमार पंडित | राम नाथ पंडित | हितलाल पंडित | पुकारी देबि | महिला | ०७२३३३१६ | महोत्तरी २०४६/१०/०५ | बनौली दनौली ६ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | हितलाल पंडित | रामबिलास पंडित | |
| २३ | ६ | नगराईन-९ घोडघास | संगिता कुमारी | महिला | १८३०१४/३७२ | महोत्तरी २०६९/०२/२२ | बनौलि दनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | मनोज कुमार पंडित | भोला पंडित कुम्हर | हितलाल पंडित | मनोज कुमार पंडित | पुरुष | ०४३३३१८१ | महोत्तरी २०६१/१०/२८ | बनौली दनौली ९ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | हितलाल पंडित | भोला पंडित कुम्हर |
| २४ | ७ | नगराईन-९ घोडघास | संजि कुमारी देबि | महिला | ०४३३३३४० | महोत्तरी २०६३/०४/२९ | बनौलि दनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | राजदेब दास | किसोरी दास तत्मा | चनेसर दास | राहुल दास | पुरुष | १८-०१-७४-०१५६७ | महोत्तरी २०७४/०२/१८ | पिपरा ६ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | रामपृत दास | |
| २५ | ८ | नगराईन-९ घोडघास | सोभा देबि | महिला | १८३०१४/३१८ | महोत्तरी २०६३/१२/२१ | बनौलि दनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | अमिर दास | भरत दास | मधुरी दास तत्मा | जानकि देबि | महिला | १८३०१४/२१६ | महोत्तरी २०६३/१०/२९ | बनौली दनौली ९ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | कुलदिप दास | देसराम दास | |
| २६ | ९ | नगराईन-९ घोडघास | मधु देबि | महिला | १७११०२/८८६९ | महोत्तरी २०७०/०४/१३ | बनौलि दनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | खुसी दास तत्मा | फेकु दास तत्मा | सोनारी दास | सोमिन्त्रा देबि | महिला | ३६६७ | महोत्तरी २०४६/०३/२७ | बनौली दनौली ९ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | फेकु दास तत्मा | चलितर दास | बाबुलाल दास तत्मा |
| २७ | १० | नगराईन-९ घोडघास | पुलम कुमारी दास | महिला | १८-०१-७७-०५१२१ | महोत्तरी २०७७/०९/१६ | पिपरा ७ महोत्तरी | पिपरा ७ बनौली | बिपतिया दास | लक्ष्मि दास तत्मा | बिकाउ दास तत्मा | बिपतिया दास | पुरुष | १८-०१-६९-०१६७९ | महोत्तरी २०६९/१२/२७ | बनौली दनौली ९ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बिकाउ दास तत्मा | लक्ष्मि दास तत्मा |
| २८ | ११ | नगराईन-९ घोडघास | बिना देबि | महिला | १८-१-६९/५२५ | महोत्तरी २०६९/११/०६ | बनौलि दनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | गोनौर दास | मोहित दास तत्मा | रामबृक्ष दास | बिजय कुमार दास | पुरुष | १८-०१-६४-०९३५ | महोत्तरी २०७४/११/२० | पिपरा ७ | पिपरा ७ बनौली महोत्तरी | | गोनौर दास | |
| २९ | १२ | नगराईन-९ घोडघास | बबिता झा | महिला | १८३०१४/७९ | महोत्तरी २०६३/११/०२ | बनौलि दनौलि ५ महोत्तरी | पिपरा ७ बनौली | प्रेम कुमार झा | जगर नाथ चौधरी | राज चन्द्र झा | प्रेम कुमार झा | पुरुष | ०४३३३२३४ | महोत्तरी २०६२/०३/०८ | बनौली दनौली ५ महोत्तर | पिपरा ७ बनौली महोत्तरी | | राज चन्द्र झा | जगर नाथ चौधरी |
| ३० | १३ | नगराईन-९ घोडघास | निर्मला देबि | महिला | ५००३ | महोत्तरी २०६३/०२/१० | बनौलि दनौलि ५ महोत्तरी | पिपरा ७ बनौली | भिखारी मण्डल | पुलकित मण्डल | राम लखन मण्डल | चन्दन कुमार मण्डल | पुरुष | १८-०१-७२-०३७४७ | महोत्तरी २०७२/०५/२६ | बनौली दनौली ५ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | भिखारी मण्डल | |
| ३१ | १४ | नगराईन-९ घोडघास | सुधा कुमारी | महिला | ०४३३३२९३ | महोत्तरी २०६५/१०/०३ | बनौलि दनौलि ५ महोत्तरि | पिपरा ७ बनौली | बिनित कुमार झा | लाल चौधरी | राम चन्द्र झा | खुस्बु कुमारी | महिला | १८-०१-७६-०४८८५ | महोत्तरी २०७६/०८/२३ | पिपरा ७ | पिपरा ७ बनौली महोत्तरी | उदय कुमार दास तत्मा | छोटे दास | |
| ३२ | १५ | नगराईन-९ घोडघास | प्रेम देबि | महिला | १८-१-७०/०८५५१ | महोत्तरी २०७०/१०/२७ | डाम्ही मडै ४ महोत्तरी | पिपरा ७ बनौली | राम पुकार दास | जुरावन दास | लक्ष्मन दास तत्मा | लक्ष्मन दास तत्मा | पुरुष | ०७२३१२५८ | महोत्तरी २०४३/११/१५ | बनौली १ | पिपरा ७ बनौली महोत्तरी | | अबध दास तत्मा | |
| ३३ | १६ | नगराईन-९ घोडघास | आरति देबि नुनिया | महिला | १७-०१-७८/१११८९ | धनुषा २०७८/०८/०८ | माची भिटकैया ६ धनुषा | नगराईन ९ घोडघास | प्रदिप महतो | राम एकवाल नुनिया | बिनुश्वर महतो | तुलफी देबि | महिला | १७३०८२/१२७ | धनुषा २०६३/११/१४ | बहडोबेला ३ धनुषा | नगराईन ९ घोडघास | बिन्देश्वर महतो | महाबिर महतो नुनिया | |
| ३४ | १७ | नगराईन-९ घोडघास | हस्मत खातुन | महिला | १७१०८०/५५५ | धनुषा २०६९/०७/२४ | बसहिया १ धनुषा | बसहिया १ धनुषा | मो.असलम शेष | इसना शेष | शेष जमसैद | सबिरुल शेष मियाँ | पुरुष | ०९९४२३५१ | धनुषा २०६६/०६/०९ | बसहिया १ धनुषा | बसहिया १ धनुषा | | सैदुल मियाँ | |
| ३५ | १८ | नगराईन-९ घोडघास | गुबदी देबि | महिला | ०७३३२३७५ | महोत्तरी २०५१/०३/०२ | जनकपुर ९ धनुषा | पिपरा ७ बनौली | खोखा दास तत्मा | सुकराम तत्मा | कारी दास तत्मा | खोखा दास तत्मा | पुरुष | ०७२३०१२३ | महोत्तरी २०३७/१०/२२ | बनौली दनौली ५ महोत्तर | पिपरा ७ बनौली महोत्तरी | | कारी दास तत्मा | सुकराम तत्मा |
| ३६ | १९ | नगराईन-९ घोडघास | अमरिता देबि | महिला | १८-०१-७५-०१२९० | महोत्तरी २०७५/०२/१३ | धनौजि ५ धनुषा | पिपरा ७ बनौली | जितेन्द्र ठाकुर | राम प्रभन्जन ठाकुर भुमिहार | सिया ठाकुर | पिन्टु ठाकुर | पुरुष | १८-०१-७६-०६१४७ | महोत्तरी २०७६/०६/१३ | बनौली दनौली २ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बेचन ठाकुर | |
| ३७ | २० | नगराईन-९ घोडघास | सेलो देबि दास | महिला | १८-०१-७०-०३०३० | महोत्तरी २०७०/०२/२६ | बेगशिबपुर ८ महोत्तरी | पिपरा ७ बनौली | ध्यानि दास | रामबिलास दास तत्मा | वदरी दास तत्मा | लक्ष्मन कुमार दास | पुरुष | ०७३३२३९४ | महोत्तरी २०५१/०६/१४ | बनौली दनौली ९ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बरहु दास | |
| ३८ | २१ | नगराईन-९ घोडघास | बबिता देबि झा | महिला | १७३०८२/५७ | धनुषा २०७०/०२/२१ | गंगुलि ६ घोडघास | पिपरा ७ बनौली | अर्जुन कुमार झा | रामाकान्त झा | अमरनाथ झा | अर्जुन कुमार झा | पुरुष | ३२६२८८७३ | धनुषा २०५९/०२/२९ | गंगुलि ६ घोडघास | गंगुलि ६ घोडघास | | अमरनाथ झा | |
| ३९ | २२ | नगराईन-९ घोडघास | सरीता देबी | महिला | १७१०८४/६१७ | धनुषा २०६९/०१/०६ | उमाप्रेमपुर ४ धनुषा | बेंगा शिबपुर ४ धनुषा | जितेन्द्र कुमार यादब | राम टहल यादब | बिल्टु यादब | देब नारायण यादब | पुरुष | १७१०५१/१३९८ | धनुषा २०७०/१२/११ | उमाप्रेमपुर ४ धनुषा | उमाप्रेमपुर ४ धनुषा | | राम टहल यादब | |
| ४० | २३ | नगराईन-९ घोडघास | सुनिता देबि | महिला | १८१००१/२००० | महोत्तरी २०६९/०२/२३ | जलेश्वर ६ महोत्तरी | पिपरा ७ बनौली | प्रमोद दास | रामबिलास दास तत्मा | राम कुमार दास | रामबिलास दास तत्मा | पुरुष | ०७२३२१३९ | महोत्तरी २०४६/१०/४ | बनौली दनौली १ महोत्तरी | पिपरा ७ बनौली महोत्तरी | | बौकु दास | |
| ४१ | २४ | नगराईन-९ घोडघास | नइमा खातुन | महिला | १४६०८०/४९५ | महोत्तरी २०६३/१०/१३ | बसहिया १ धनुषा | बसहिया १ धनुषा | सेष सलामुला | सगिरुल शेष | इसाख सेष | मो. रजमुद्धीन शेष | पुरुष | १७-०१-७१-०१९२६ | धनुषा २०७१/०७/२० | बसहिया १ धनुषा | बसहिया १ धनुषा | | शेष जमसेद | |
| ४२ | २५ | नगराईन-९ घोडघास | मन भोगिया देबि तत्मिनि | महिला | ०१२३२१४५ | महोत्तरी २०४६/१०/०३ | बनौलि ९ महोत्तरी | पिपरा ७ बनौली | देबेन्द्र दास तत्मा | जामुन दास तत्मा | महादेब दास तत्मा | भगबनीया देबि | महिला | ०७२३००९० | महोत्तरी २०४४/१२/६ | पिपरा ७ | पिपरा ७ बनौली महोत्तरी | महादेब दास तत्मा | बद्रि दास तत्मा | खैकु दास |
| ४३ | २६ | नगराईन-९ घोडघास | रंजना कुमारी ठाकुर | महिला | १७-०१-७५-१५४३१ | धनुषा २०७५/१२/१७ | नगराईन ९ घोडघास | नगराईन ९ घोडघास | राजेश ठाकुर | अशेश्वर महतो | राम जतन ठाकुर | जिवछ महतो | पुरुष | ५७९६२४९७ | धनुषा २०६१/०९/२६ | महुवा ३ धनुषा | महुवा ३ धनुषा | | राजेश्वर महतो | |
| ४४ | २७ | नगराईन-९ घोडघास | खजीदा खातुन | महिला | १८-०१-७४-०६२८७ | महोत्तरी २०७४/०७/३० | बलवा ९ महोत्तरी | बसहिया १ धनुषा | मो.हुसैन शेष | शेष अकरामुल | हासीम शेष | मो.रजा शेष | पुरुष | १८-०१-७३-०२६९६ | महोत्तरी २०७३/०३/२७ | धमौरा १ महोत्तरी | धमौरा १ महोत्तरी | | हासीम शेष | |
| ४५ | २८ | नगराईन-९ घोडघास | श्रीमती आशा देबि | महिला | ३९६९१९११ | धनुषा २०४६/०३/२९ | इनर्वा ५ धनुषा | जनकपुर ५ धनुषा | नबल किसोर साह | उचित साहु | राम अनुराह साह | नबल किसोर साह | पुरुष | ३९६९१०१९१ | धनुषा २०४५/०१/१० | जनकपुर ५ धनुषा | जनकपुर ५ धनुषा | | राम अनुराह साह | उचित साहु |
| ४६ | २९ | नगराईन-९ घोडघास | सरीता कुमारी यादब | महिला | १७३०६५/२९६ | धनुषा २०६३/११/२४ | तपनपुर महोत्तरी | पौडेश्वर ४ धनुषा | संजय कुमार यादब | राम सुदिष्ट यादब | सतय नारायण यादब | संजय कुमार यादब | पुरुष | ७११२२३९७ | धनुषा २०५४/०८/३० | पौडेश्वर ७ धनुषा | पौडेश्वर ७ धनुषा | | सतय नारायण यादब | राम सुदिष्ट यादब |
| ४७ | ३० | नगराईन-९ घोडघास | समिना खातुन | महिला | १७-०१-७५-१४६५४ | धनुषा २०७५/१२/२० | जनकपुर २४ धनुषा | जनकपुर २४ धनुषा | मो. रकेबुल | ऐजु महम्मद शेष | शेष इनताप | रजिना खातुन | महिला | १७-०१-७२-०९२७७ | धनुषा २०७२/१२/०७ | जनकपुर २४ धनुषा | जनकपुर २४ धनुषा | अजमल शेष | मो. अमिरुल | |
| ४८ | ३१ | नगराईन-९ घोडघास | पिंकि कुमारी | महिला | १८-०१-७५-०१०८८ | महोत्तरी २०७५/०२/०७ | पिपरा ७ महोत्तरी | पिपरा ७ महोत्तरी | श्याम सुन्दर दास | जगेश्वर दास | जोदी दास | जोदी दास | पुरुष | ०७२३१४७६ | महोत्तरी २०४४/११/२८ | पिपरा ७ महोत्तरी | पिपरा ७ महोत्तरी | | सुखदेब दास | |
| ४९ | ३२ | नगराईन-९ घोडघास | सुमिन्त्रा देबि | महिला | १८१०१४/३६६ | महोत्तरी २०६९/०१/२८ | एकरहिया ५ महोत्तरी | बनौली दनौली १ महोत्तरी | दुलारचन मण्डल | कृष्णा मण्डल | देब शरण मण्डल | अबिशेक बुमार मंडल | पुरुष | १८-०१-७६-०३२३७ | महोत्तरी २०७६/०३/१६ | बनौली दनौली १ महोत्तरी | पिपरा ७ महोत्तरी | | जगजियन मंडल | |
| ५० | ३३ | नगराईन-९ घोडघास | कुरेसा खातुन | महिला | १८-०१-७०-०६८९३ | महोत्तरी २०७०/०८/१८ | बनौली दनौली २ महोत्तरी | बनौली दनौली २ महोत्तरी | मोस्तकिय साफि | इद्रिस साफि | मोसलिम साफि | अहाद साफि | पुरुष | १८-०१-७२-०३८७१ | महोत्तरी २०७२/०९/२९ | बनौली दनौली २ महोत्तरि | बनौली दनौली २ महोत्तरी | | जिबछ साफि | |
| ५१ | ३४ | नगराईन-९ घोडघास | सकुन्तला देबि | महिला | १७३०८२/१११ | महोत्तरी २०६३/११/१४ | सपहि रमदैया ९ धनुषा | घोडघास २ धनुषा | रामशरण राउत | राज कुमार राउत | शैनि राउत | रामशरण राउत | पुरुष | ,६२६३८८०० | धनुषा २०५८/०६/२५ | घोडघास २ धनुषा | नगराईन ९ घोडघास | | शैनि राउत | राजकुमार राउत |
| ५२ | १ | मनरा, महोत्तरी | भजन मण्डल | पुरुष | ३८५९११७७ | २०४८-०४-२६/महोत्तरी | इटहरबाकटी-८ | मनरा सिस्बा न. पा -२ | | झपसी मण्डल | | | | | | | | | | |
| ५३ | २ | मनरा, महोत्तरी | संजय कुमार यादव | पुरुष | १८२०५०/२५८ | २०६७-०४-०९/महोत्तरी | सोनमा-२, महोत्तरी | | | श्री चन राय यादव | | | | | | | | | | |
| ५४ | ३ | मनरा, महोत्तरी | सुधा देवी झा | महिला | १८३००५११६ | २०६३-१२-०८/महोत्तरी | बथनाहा -१ | मनरा सिस्बा न. पा -५ | बच्चन देव झा | भुवनेश्वर झा | योगेन्द्र झा | बच्चन देव झा | पुरुस | १०२८१६३३ | २०४४/१२/०५ महोत्तरी | बथनाहा -१ | मनरा -५ | | | (बाँकी पृष्ठ ५ मा) |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रेलवे जोगाउ सरकार

नेपालको एकमात्र भँगहा-जनकपुरधाम-जयनगर रेल सेवा भारी नोक्सानमा गुडिरहेको छ । नेपाल रेलवे पाँच सालदेखि नियमित रुपमा सञ्चालनमा रहेको छ ।सञ्चालन भएको पाँच वर्षको अवधिमा ६७ करोड खर्च र १९ करोड आम्दानी रहेको रेलवेको आर्थिक तथ्यांकबाट देखिन्छ।पाँच वर्षमा ४ वर्ष निरञ्जन झा रेलवेका महाप्रबन्धक रहेका थिए ।तत्कालिन नेकपा एसको सिफारिसमा लगातार दुई कार्यकाल महाप्रबन्धक रहेका झाले रेलवेमा चरम आर्थिक अनियमितता गरेको आरोप लाग्दै आए पनि सरकारले त्यसलाई गम्भीरतापूर्वक लिएन् ।झाले मनपरी ढंगले अनावश्यक रुपमा अदक्ष मानिसहरु भर्ना गरे ।दलगत रुपमा कार्यकर्ता भर्ना गरिएको रेलवेको आर्थिक भार बढनुको प्रमुख कारण मानिन्छ ।रेलवे सञ्चालनको प्राबिधिक कार्य अझै भारतीय प्राबिधिकहरुले नै गरिरहेका छन् ।जयनगर रेलवे स्टेशनमा टिकट काट्न राखिएका मानिसहरु पनि भारतीयहरुको निर्देशनमा काम गर्छन् ।नेपाल र भारतबीच भएको सहमति अनुसार अधिकतम् दुई वर्ष भित्र रेलवे सञ्चालनको प्राबिधिक सीप नेपाली प्राबिधिकहरुलाई सिकाएर फर्किने थियो ।तर पाँच वर्ष भइसक्दा पनि नेपाली प्राविधिक तयार हुन सकेको छैन् ।तत्कालीन महाप्रबन्धक झाले रेलवे सञ्चालनका लागि नेपालीहरुलाई दक्ष बनाउने भन्दा आर्थिक अनियमितता बढाउने तर्फ लागे ।दलगत आधारमा भर्ना भएका नेपाली कर्मचारीहरुले त्यहाँबाट तलब सुबिधा बुझ्ने बाहेकको काम गर्दैनन् ।रेलवे सञ्चालन भएको पाँच वर्षमध्ये झाले ४ वर्ष सम्म भारतका अयोध्या जोड्ने, नेपालीहरुलाई अयोध्यासम्म सहज आउजाउ गर्न भारतीय रेलवेसित सहमति भइसकेको, मालबाहक बोगी जोड्ने लगायतका झुठा प्रचारबाजी गरेर रेलवेलाई डुब्ने मार्गमा धकेलेका छन् ।मालसमान ओसारपसार गर्ने सेवा रेलवेमा नभएसम्म नोक्सानको क्रम बढ्ने नै छ ।डिजेलको मूल्यमा भारी बृद्धि भएपछि रेलवे थप घाटामा गएको छ ।यात्रु मात्र ओसार पसार गरेर रेल मुनाफा आर्जन गर्न सक्दैन् ।छोटो दूरीमा सञ्चालनमा रहेको रेललाई धराशायी बनाउन तत्कालीन जीएम झाले गरेको कुकृत्यहरुको छानविन आवश्यक छ ।उनले रेलवेलाई हदैसम्म लुटेका छन् ।रेलवेमा वैध रुपमा मालसमान ओसार्ने बोगी नभए पनि यात्रुबाहक बोगीमा तस्करहरुको मालसामान आउने गरेको छ ।त्यो रेलवेको पूर्ण सुरक्षामा हुने भएकाले कम्पनी घाटामा गए पनि महाप्रबन्धकसहित केही कर्मचारी मालामाल भएका छन् ।रेलवेलाई जोगाउन सरकारले ठोस कार्यक्रम ल्याउन आवश्यक छ ।रेलवेलाई कि विद्युतबाट चल्ने इञ्जिन जडान गर्नु पर्छ कि त मालवाहक बोगीहरु जोड्नु पर्छ ।डिजेलबाट अबको अवस्थामा रेल सञ्चालन गर्न सकिने सम्भावना कमजोर हुँदै गएको छ ।डेढ सय रुपैया प्रति लिटर डिजेलको मूल्य हुँदा नोक्सानमा सञ्चालन भएको रेल २ सय ३२ रुपैया लिटर डिजेल किनेर कति नोक्सानमा जाने त्यसको यकिन गर्न सकिदैन् ।त्यसकारण समयमै सरकारले रेलवे जोगाउन ध्यान दिनुपर्छ ।

# सीमामा कडाइ हो कि नेपालको नीतिमा कमजोरी



● डा. केदार कार्की

नेपाल र भारत बीचको सम्बन्ध सांस्कृतिक निकटताको कारणले मात्र नभई संरचनात्मक अन्तरनिर्भरताको कारणले पनि सामान्य छिमेकी सम्बन्धबाट फरक छ। खुला सीमा, श्रम गतिशीलता, उपभोग्य वस्तुहरूको आपूर्ति शृङ्खला र पारिवारिक सम्बन्धले प्रभावकारी रूपमा दुई देशहरूलाई अर्ध-एकीकृत सामाजिक-आर्थिक स्थानमा रूपान्तरण गरेको छ।

| १४४ | २४ | सिसौट | जुमनि खातुन | महिला | १९१०१६/५४३ | २०६८/९/०३ सर्लाही | रामबन ५ | गोडैता न पा ५ रामबन | नेकमहमद मिया | अजिम मिया | विकाउ मिया | रबानि मंसुर | पुरुष | १९१०१६/२६४ | २०६९/०६/२५ सर्लाही | रामबन ५ | गोडैता न पा ५ रामबन | | नेकमहमद मिया | |
| १४५ | २५ | सिसौट | रेनु देवी साह | महिला | १९३०७०/१०१९ | २०६४/१/०४ सर्लाही | छोटौल १ सोनारटोल | धनकौल ६ सोनारटोल | देवनारायन साह | रामकुमार साह | डोमन साह सोनार | डोमन साह सोनार | पुरुष | २०७०७१०२ | २०४१/०७/२ सर्लाही | छोटौल १ सोनारटोल | धनकौल ६ सोनारटोल | | जुगेश्वर साह | |
| १४६ | २६ | सिसौट | उषा कुमारी देवी | महिला | १९१०११/३७ | २०६४/१/०४ सर्लाही | छोटौल ३ सोनारटोल | धनकौल ६ सोनारटोल | नरेश महतो नुनिया | रामएकबाल महतो | जुगि महतो | नरेश महतो नुनिया | पुरुष | १९१०११/३६ | २०६४/१०/८ सर्लाही | छोटौल ३ सोनारटोल | धनकौल ६ सोनारटोल | | जुगि महतो | |
| १४७ | २७ | सिसौट | सनिता महरा | महिला | ३२२०८०/६४९ | २०४५/५/१५ रौटहट | चन्द्रपुर १५ | चन्द्रपुर १५ | हरिन्द्र राम | विलास महरा | अमिचन महरा | मनोज कुमार महरा | पुरुष | १९-०१-७१-००५९० | २०७१/१/२३ सर्लाही | सेखौना ३ | धनकौल १ सेखौना | | विलास महरा | |
| १४८ | २८ | सिसौट | खहेरनि देवी | महिला | १९३०२४/२५ | २०६३/११/१५ सर्लाही | बगदह ३ | गोडैता न पा ९ बकैनिया | दिनेस पासवान | नागेश्वर पासवा | गेना पासवान | संजय पासवान | पुरुष | १९३०२४/११७ | २०६३/११/१५ सर्लाही | बगदह ३ | गोडैता न पा ९ बकैनिया | | दिनेस पासवान | |
| १४९ | २९ | सिसौट | सावितरी देवी | महिला | १९३०२४/१६३ | २०६३/११/१५ सर्लाही | बगदह ४ | गोडैता न पा ९ बकैनिया | भागनारायन महतो | मसुदन महतो कोईरी | बालदेव महतो | सत्रोधन महतो | पुरुष | १९-०१-७३-०९१७८ | २०७३/८/२७ सर्लाही | रामबन ७ | गोडैता न पा ९ बकैनिया | | शिवजी महतो | |
| १५० | ३० | सिसौट | सहिदा खातुन | महिला | १९-०२-७७-००८९० | २०७७/०६/२७ महोतरी | सोनवा ६ | सोनवा गा.पा ६ | सदाम हुसेन | साहेवजन मंसुर | जिवराईल हुसेन | मरजिना खातुन | महिला | १९३०२४/५९३ | २०६३/११/२५ सर्लाही | सोनवा ६ | सोनवा गा.पा ६ | | सबदुल मिया | |
| १५१ | ३१ | सिसौट | अनिता कुमारी | महिला | ५४९८०१६२ | २०५४/१२/७ सर्लाही | खैर्वा १ | रामनगर गा.पा १ खैर्वा | रामबाबु चौधरी | सोनेलाल चौधरी | लक्षी साह कलवार | संतोष कुमार चौधरी | पुरुष | १९-०१-७४-०९८७६ | २०७४/०९/३० सर्लाही | खैर्वा ५ | रामनगर गा.पा १ खैर्वा | | लालबाबु चौधरी | |
| १५२ | ३२ | सिसौट | मनपुरन देवी | महिला | १९-०१-७८-१३००६ | २०७८/०९/२० सर्लाही | बहुअर्वा १ | रामनगर गा.पा ३ | संजिव मिश्रा | कालिकान्त झाा | लालबाबु मिश्रा | संजिव मिश्रा | पुरुष | १९१००८/११२ | २०६८/०९/०६ सर्लाही | बहुअर्वा १ | रामनगर गा.पा ३ | | लालबाबु मिश्रा | |
| १५३ | ३३ | सिसौट | रिता साह | महिला | १९-०१-७५-०८४८० | २०७५/०८/२१ सर्लाही | धनकौल ६ सोनारटोल | धनकौल ६ सोनारटोल | फेकु साह | हृदयराम साह | राजगिर साह | फेकु साह | पुरुष | १९३०७०/९३६ | २०६४/०१/०३ सर्लाही | छोटौल २ सोनारटोल | धनकौल ६ सोनारटोल | | राजगिर साह | |
| १५४ | ३४ | सिसौट | रसिला देवी | महिला | १९३०१९/६०१ | २०६३/११/३ सर्लाही | मधुवनगोठ ४ | विष्णु गा.पा ३ | लालबचन महरा | ननिपत चमार | हरुनि महरा | अमित कुमार राम | पुरुष | १९-०१-७२-०५६७४ | २०७२/११/०६ सर्लाही | मधुवनगोठ ४ | विष्णु गा.पा ३ | | लालबचन महरा | |
| १५५ | ३५ | सिसौट | फेकनि देवी | महिला | ८८९३३१९५ | २०५७/०९/१० सर्लाही | सिसौट ४ | रामजनगर ६ | गुलावी हजारी | रामदेव हजारी | सुकन हजारी | मिन्ता हजारी | महिला | १९३०१५/९१२ | २०७२/११/०६ सर्लाही | सिसौट ४ | रामजनगर ६ | | सहदेव हजारी | |
| १५६ | ३६ | सिसौट | सबनम खातुन | महिला | १९१०१०/५५८ | २०६८/०९/१३ सर्लाही | मधुवनि ८ | गोडैता १२ | जासिम अक्तर अंसारी | आविद अंसारी | अब्दुल रहमान | ईमरान अंसारी | पुरुष | १९-०१-७३-००२३२ | २०७३/१/०८ सर्लाही | मधुवनि ८ | गोडैता १२ | | अब्दुल रहमान | |
| १५७ | ३७ | सिसौट | कोसिला कुमारी देवी | महिला | १९१०१९/१६२ | २०६८/०५/३० सर्लाही | रामबन ५ | गोडैता न पा ५ रामबन | विनोद साह | मुगलाल साह | बुनि साह बनिया | विनोद साह | पुरुष | ७६७७२४९८ | २०६०/१०/२० सर्लाही | रामबन ५ | गोडैता न पा ५ रामबन | | बुनि साह बनिया | |
| १५८ | ३८ | सिसौट | रम्भा कुमारी देवी | महिला | १९-०१-७५-०९५७४ | २०७५/०९/२४ सर्लाही | धनकौल ६ सोनारटोल | धनकौल ६ सोनारटोल | संताष साह | भागवत साह सोनार | रामप्रसाद साह | संताष साह | पुरुष | २०७०३०८९ | २०६०/९/१५ सर्लाही | छटौल १ | धनकौल ६ सोनारटोल | | रामप्रसाद साह | |
| १५९ | ३९ | सिसौट | मंदिना कुमारी | महिला | १९३००६/१६८९ | २०६३/१०/२१ सर्लाही | खैर्वा ३ | रामनगर गा.पा १ खैर्वा | संजय महरा | लालक महरा | बुधु महरा | रोहीत कुमार राम | पुरुष | १९-०१-७८-११९०५ | २०७८/९/०६ सर्लाही | खैर्वा ३ | रामनगर गा.पा १ खैर्वा | | संजय महरा | |
| १६० | ४० | सिसौट | मेहवा कुमारी देवी | महिला | १९३००१/८९९ | २०६३/१/१८ सर्लाही | हथिऔल ८ | बलरा १ हथिऔल | विजय हजारी | मचिन्द्र हजारी | दशै हजरा | शत्रुधन कुमार | पुरुष | १९-०१-७३-०१२३५ | २०७३/१/३० सर्लाही | हथिऔल ८ | बलरा १ हथिऔल | | खोबारी हजरा | |
| १६१ | १ | तारापट्टी | पविता देवी | महिला | १७३०६७१९२ | २०६३।१२।२०धनूषा | सुगानिकास ६ | हंसपुर न.पा.५ | विनोद मंडल | रामपृत धानुक | सरुप मंडल | | | | | | | | | |
| १६२ | २ | तारापट्टी | सुनिता कुमारी देवी | महिला | १७१०६०।१२८ | २०६३।१२।२०धनूषा | सुगानिकास ७ | हंसपुर न.पा.६ | श्याम मंडल | जागेश्वर मंडल | सोनेलाल मंढल धानुक | | | | | | | | | |
| १६३ | ३ | तारापट्टी | ननु देवी झा | महिला | ६२५९३००५ | २०५७९।१२धनूषा | मिथिलेश्वर मौवाही ५ | मिथिलाविहारी न.पा.५ | ललित नारायण झा | रामाकान्त झा | सुकदेव झा | | | | | | | | | |
| १६४ | ४ | तारापट्टी | रंगीता देवी सिंह | महिला | १७१०५८।४३९ | २०६६।२।१९धनूषा | हंसपुर कठपुल्ला २ | हंसपुर न.पा.३ | रमेश सिंह | बृजनंदन सिंह | विशेश्वर सिंह | | | | | | | | | |
| १६५ | ५ | तारापट्टी | प्रमशिला कुमारी यादव | महिला | १७३०६०।११३ | २०७०।२।२७धनूषा | कचुरी ठेरा ७ | मिथिलाविहारी न.पा.१० | जितेन्द्र यादव | भरत यादव | रामएकवाल यादव | | | | | | | | | |
| १६६ | ६ | तारापट्टी | सिया देवी भंडारी | महिला | १७३०६०।६२७ | २०६३।१२।२०धनूषा | कचुरी ठेरा ६ | मिथिलाविहारी न.पा.१० | सुशिल भंडारी | भदैया भंडारी | रामबृक्ष भंडारी | | | | | | | | | |
| १६७ | ७ | तारापट्टी | कुमारी देवी | महिला | १७३०५८।४६९ | २०६३।१२।२६धनूषा | पचहर्वा | शहिदनगर न.पा.५ | जिवछ कापरी | सुबोध कापरी | रामसागर कापरी | | | | | | | | | |

(बाँकी पृष्ठ ७ मा)

# हरपतगञ्ज सडकको निर्माण प्रभावित

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगर क्षेत्रभित्रका हरपतगञ्जका सडक निर्माण कार्य उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको अन्तरिम आदेश, बजेट अभाव तथा विभिन्न संरचनागत अवरोधका कारण प्रभावित बनेको छ ।

सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय वीरगञ्जको उदासीनता र स्थानीयस्तरका अवरोधका कारण निर्धारित समयमै काम सम्पन्न हुन सकेको छैन ।

सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साअन्तर्गत स्वच्छन्द-पप्पु-युनाइटेड बिल्डर्स संयुक्त उपक्रमले २०७५ साल असार ९ गते १७ वटा सडक निर्माणको जिम्मा लिएको थियो । तर विभिन्न कारणले हालसम्म १२ वटा सडक मात्र निर्माण सम्पन्न भई करिब ७५ प्रतिशत काम पूरा भएको निर्माण कम्पनीका प्रतिनिधि प्रभु साहले जानकारी दिएका छन् ।

निर्माण कम्पनीका अनुसार २०८० असार २२ गते पेश गरिएको करिब १७ करोड रुपैयाँ बराबरको बिल हालसम्म भुक्तानी हुन सकेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ तथा ठेक्का सम्झौताअनुसार ३० दिनभित्र भुक्तानी हुनुपर्ने व्यवस्था भए पनि बजेट अभाव देखाउँदै रकम रोकिएको बताइएको छ । त्यस्तै, बाँकी तीन किलोमिटर सडक निर्माणमा विभिन्न अवरोध देखिएका छन्। सडक क्षेत्रमा पर्ने घरटहरा नहटाइएको, सडकबीचमा रहेका ५३६ विद्युतीय पोल नसारिएको तथा केही स्थानमा स्थानीयवासीले अदालतमा मुद्दा दायर गरी अन्तरिम आदेश ल्याएकाले निर्माण कार्य अगाडि बढ्न नसकेको बताइएको छ ।



निर्माण कम्पनीले पटक-पटक सम्बन्धित निकायलाई जानकारी गराए पनि आवश्यक ‘साइट क्लियर’ नहुँदा काम रोकिएको जनाएको छ। सार्वजनिक खरिद ऐनअनुसार निर्माणस्थल पूर्ण रूपमा उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुने भए पनि सो कार्य प्रभावकारी रूपमा हुन नसकेको आरोप लाग्दै आएको छ ।

ठेक्का सम्झौताअनुसार तीन वर्षमै सम्पन्न हुनुपर्ने योजना पाँच वर्ष बितिसक्दा पनि अधुरै रहेको छ। निर्माण कम्पनीले समय थपको माग गरिसकेको छ भने सम्बन्धित निकायबीच समन्वय अभावले समस्या झन् जटिल बन्दै गएको देखिन्छ ।

# नयाँ शैक्षिकसत्र शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । मंगलबारदेखि नयाँ शैक्षिकसत्रको औपचारिक थालनी भएको छ । नेपाल सरकारको निर्णयअनुसार हरेक वैशाख १५ गतेदेखि विद्यालय तहको शैक्षिकसत्र शुरु गरिएको छ ।

विगतमा वैशाख २ गतेदेखि शैक्षिकसत्र शुरु हुँदै आएकामा वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयले भर्ना लिने क्रम रोक्न र इन्धनको असहज आपूर्ति हुने स्थितिमा वैशाख १५ गतेदेखि विद्यालयमा भर्ना सुरु गर्ने निर्णय गरेको थियो । तर कतिपय स्थानीय तहको सहजीकरणमा वैशाख १५ गतेअगावै विद्यार्थी भर्ना भइसकेको छ ।

सरकारले निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन गत चैत २२ गते निर्देशन दिएको थियो ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको थियो ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिइएको थियो । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको थियो । यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो ।

आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ । अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेश गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा गत चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशनपश्चात् नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो । सो विषयमा राससले यही चैत ५ गते ‘वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयमा भर्ना सुरु’ शीर्षकमा समाचार प्रकाशन गरेको थियो ।

| ऋणीको विवरण | | | | | | | | | | | | ब्यक्तिगत जमानीकर्ता विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | | कार्यालयको नाम, ठेगाना | ऋणीको नाम | लिग | ना.प्र.प.न. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना,वडा | पतिको नाम | पिताको नाम | ससुराको नाम | नाम | सिंग | ना.प्र.प.न. | जारी मिति र जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना, वडा | पतिको नाम | पिताको नाम | ससुराको नाम |
| १६८ | ८ | तारापट्टी | सुनिता देवी | महिला | १७३०५८।२७४ | २०६३।१२।२३धनूषा | हंसपुर कठपुल्ला ३ | हंसपुर न.पा.३ | रामकुमार कापडि | फौदार कामत | सिताई कापडि | | | | | | | | | |
| १६९ | ९ | तारापट्टी | रिंकु कुमारी कापडी | महिला | १७३०५८/३२० | २०६३।१२।२५धनूषा | हंसपुर कठपुल्ला ३ | हंसपुर न.पा.३ | रामबाबु कापडी | विजय कापडी | रामचरीत्र कापडी | | | | | | | | | |
| १७० | १० | तारापट्टी | रिना देवी | महिला | १७३०५८।३३८ | २०६३।१२।२३धनूषा | हंसपुर कठपुल्ला ३ | हंसपुर न.पा.३ | रामबलि कापड | रामर्बक्ष कापडी | बेचू कापडी | | | | | | | | | |
| १७१ | ११ | तारापट्टी | जमीला खातुन | महिला | १७३०५८।३४९ | २०६३।१२।२३धनूषा | हंसपुर कठपुल्ला ४ | हंसपुर न.पा.३ | गफुर नदाफ धुनिया | खलिल मिंया | सुट्टा नदाफ | | | | | | | | | |
| १७२ | १ | शाखा कार्यालय, हरिवन | आशा देवी | महिला | ४ | २०६३।०२।०४, सर्लाही | घूरकौली ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | सियाराम महतो | राम उदित महतो | विल्टू महतो कोईरी | सियाराम महतो | पुरुष | ३६४१०३७५ | २०५६।१०।२४, सर्लाही | घुरकौली ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | विल्टु महतो कोईरी | |
| १७३ | २ | शाखा कार्यालय, हरिवन | जानकी देवी महतो | महिला | १९२०८८/३७ | २०६४।०२।०८, सर्लाही | घुरकौली ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | गंगाराम महतो | ततूक महतो | विल्टु महतो कोईरी | गंगाराम महतो | पुरुष | १९३६४११०८६८ | २०५२।०२।०९, सर्लाही | घुरकौली ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | विल्टु महतो कोईरी | |
| १७४ | ३ | शाखा कार्यालय, हरिवन | रुकू मणी कुमारी महतो | महिला | १९२०८८/८७१ | २०६३।०७।१०, सर्लाही | घुरकौली ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | मोतिलाल महतो | धनेश्वर महतो | विल्टु महतो कोईरी | सिताराम महतो | पुरुष | १९/२०८८/३९२ | २०६७।११।१६, सर्लाही | घुरकौली ०७, सर्लाही | हरिवन न.पा. ०५, सर्लाही | | विल्टु महतो कोईरी | |
| १७५ | ४ | शाखा कार्यालय, हरिवन | ढुण्डी राज मैनाली | पुरुष | ३६४१६८५३ | २०४३।०३।०४, सर्लाही | हरिवन ०९, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | तेज प्रसाद मैनाली | | राजिव मैनाली | पुरुष | | | | हरिवन न.पा. ११, सर्लाही | | ढुण्डी राज मैनाली | |
| १७६ | ५ | शाखा कार्यालय, हरिवन | नवुला खातुन | महिला | १९३०९८/९८ | २०६३।१२।३०, सर्लाही | हरिवन ०८, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | शेष नाजिर | शेख नूर मोहमद | शेष मूस्लिम | शेख खूशैर | पुरुष | १९/२०८९/१७७२ | २०६९।०६।१४, सर्लाही | हरिवन ०८, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | नाजिर शेष | |
| १७७ | ६ | शाखा कार्यालय, हरिवन | सोमनी देवी | महिला | १९०१७५०१९६१ | २०७५।०२।१८, सर्लाही | चन्द्रनगर ०१, सर्लाही | लालवन्दी न.पा. ०२, सर्लाही | राम वली पासवान | जोगेन्द्र पासवान | जगदेव पासवान | राम वली पासवान | पुरुष | १९३०५४/४८४ | २०६३।१२।०५, सर्लाही | किसनपूर ०५, सर्लाही | लालवन्दी न.पा. २, सर्लाही | | जगदेव पासवान | |
| १७८ | ७ | शाखा कार्यालय, हरिवन | राज देवी वनिया | महिला | ३३१०५५/८८०० | २०६५।०६।०१, वारा | कलैया न.पा. ११, वारा | हरिवन न.पा. ०९, सर्लाही | रामजी दास वनिया | भगत दास वनिया | अर्जून दास वनिया | रामजी दास वनिया | पुरुष | ३३३०५५/१८५९ | २०६३।१२।११, वारा | कलैया न.पा. ११, वारा | हरिवन न.पा. ०९, सर्लाही | | अर्जून दास वनिया | |
| १७९ | ८ | शाखा कार्यालय, हरिवन | जितेन्द्र महतो | पुरुष | ८६८३२१६६ | २०५२।१२।१९, धनुषा | हरिवन ०३, सर्लाही | हरिवन न.पा. ०३, सर्लाही | | शिव नारायण महतो | | | | | | | | | | |
| १८० | ९ | शाखा कार्यालय, हरिवन | फिरोजा खातुन | महिला | ३६४११०६६२ | २०५१।१०।२३, सर्लाही | हरिवन ११, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | आश मोहमद | शेष मन्सूर | शेष हफिज | अरमान हूसैन | पुरुष | १९-०२-७३-०२७८४ | २०७३।०६।०७, सर्लाही | हरिवन ११, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | आश मोहमद | |
| १८१ | १० | शाखा कार्यालय, हरिवन | उमेश प्रसाद दाहाल | पुरुष | ८३६५०२३० | २०५७।०१।२२, सर्लाही | सासापूर ०३, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | सूर्य प्रसाद दाहाल | | नानीमैया कडरिया | महिला | ३६४११२४१ | २०५८।०९।१९, सर्लाही | हरिवन ०९, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | उमेश प्रसाद दाहाल | ऐश्वर्य राज कडरिया | सूर्य प्रसाद दाहाल |
| १८२ | ११ | शाखा कार्यालय, हरिवन | विरेन्द्र दास कथवनिया | पुरुष | ३५६९३२६१ | २०४५।०१।२९, सर्लाही | हरिवन ११, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | | मेथर दास कथवनिया | | नगिना देवी | महिला | २८६३ | २०५७।०८।१२, सर्लाही | हरिवन ०९, सर्लाही | हरिवन न.पा. ११, सर्लाही | विरेन्द्र दास कथवनिया | पकिर चन्द दास कथवनिया | मेथूर दास कथवनिया |
| १८३ | १२ | शाखा कार्यालय, हरिवन | वचिया साह | महिला | १९३०८९/४० | २०६३।१२।२३, सर्लाही | हरिवन ०१, सर्लाही | लालवन्दी न.पा. १, सर्लाही | विनोद साह रौनियार | लक्ष्मी शाह | मोती शाह | विनोद साह रौनियार | पुरुष | २६८९२१५२ | २०५९।०४।०१, सर्लाही | भाडसर ०९, सर्लाही | लालवन्दी न.पा. १, सर्लाही | | मोति शाह | |
| १८४ | १३ | शाखा कार्यालय, हरिवन | शान्ती कूमारी लामा | महिला | ४९७२१९३ | २०४०।११।१२, महोत्तरी | हाथिलेट ०६, महोत्तरी | हरिवन न.पा. ०५, सर्लाही | न्हेमा दोर्जे लामा | वीर वहादूर लामा | जगत वहादूर लामा | न्हेमा दार्जै लामा | पुरुष | २४८३७/७०१ | २०४४/१०/१२ | मानेधारा ०३, सिन्धूपाल्चोक | हरिवन न.पा. ५, सर्लाही | | जगत वहादूर लामा | |
| १८५ | १४ | शाखा कार्यालय, हरिवन | यम प्रसाद दाहाल | पुरुष | ३९१/३६४१९८१७ | २०५०।०२।२०, सर्लाही | हरिवन ०७, सर्लाही | हरिवन न.पा. ०९, सर्लाही | | दुर्गा प्रसाद दाहाल | | शूभद्रा घिमिरे | महिला | ३१६५५३४४ | २०६०।०९।३० | जानकीनगर ०८, सर्लाही | हरिवन न.पा. ०९, सर्लाही | यम प्रसाद दाहाल | राम नाथ उपाध्याय | दूर्गा प्रसाद दाहाल |
| १८६ | १५ | शाखा कार्यालय, हरिवन | केदार नाथ उप्रेती | पुरुष | ३६४१०४१५ | २०६५।०६।३०, सर्लाही | हरिवन ०४, सर्लाही | हरिवन न.पा. ०९, सर्लाही | | डिल्ली प्रसाद उप्रेती | | विष्णू माया उप्रेती | महिला | १९-०२-७३-०५२८४ | २०७३।१२।१५, सर्लाही | हरिवन ०९, सर्लाही | हरिवन न.पा. ०९, सर्लाही | डिल्ली प्रसाद उप्रेती | टिका प्रसाद | रुद्र लाल उप्रेती |
| १८७ | १ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | प्रिती यादव | महिला | १९३०४६/१३८९ | सर्लाही २०६३/१२/१ | नोकैल्वा | मलंगवा-४ | सत्यनारायण राय यादव | राम दरेश राय यादव | राजीन्दर राय | सत्यनारायण राय यादव | पुरुष | ६८१५००१७ | सर्लाही २०६३/७/२० | बाराउधोरण नदियापकडि | बाराउधोरण ८ | ( | राजीन्दर राय | राम दरेश राय यादव |
| १८८ | २ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | गुलनाज खातुन | महिला | १९३०३०/९२० | सर्लाही २०६३/११/१८ | सर्लाही फूलपरासी ९ | सर्लाही कौडेना ९ | नसारुल मुकेरी | मो.इसा महमद | सफि महमद मूकेरी | नसारुल मूकेरी | पुरुष | ५९८२२९९९ | सर्लाही २०५६/०६/१८ | सर्लाही कौडेना ९ | सर्लाही काढटेना ९ | | सफि महमद मूकेरी | मो.इसा महमद |
| १८९ | ३ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | जितनी देवी | महिला | १९-०१-७६-०४४१० | सर्लाही २०७६/०३/११ | सर्लाही मलंगवा ६ | सर्लाही मलंगवा ७ | राजेन्द्र पासवान | जगदिश पासवान | रामरस पासवान | राजेन्द्र पासवान | पुरुष | १९३०३२/१३१ | सर्लाही २०६३/१०/०५ | सर्लाही मूसैली ६ | सर्लाही मूसैली ६ | | रामरस पासवान | जगदिश पासवान |
| १९० | ४ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | विकाश कूमार यादव | पुरुष | १९-०१-८०-०९३४२ | सर्लाही २०८०/०६/१० | सर्लाही मलंगवा ११ | सर्लाही मलंगवा ११ | | रामनाथ राय यादव | विवाह नभएईको | रामनाथ राय यादव | पुरुष | ६६१५२७५५ | सर्लाही २०५९/१०/१३ | सर्लाही गम्हरिया ५ | सर्लाही गम्हरिया ५ | | रामवली राय यादव | बाजे को नाम रामवली राय यादव |
| १९१ | ५ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | मैतू निरसा | महिला | ६२३/५४४ | सर्लाही २०५१/१०/१३ | सर्लाही मलंगवा | सर्लाही मलंगवा ७ | मो।जाहीद हूसेन अंसारी | हूसेनी मिया | मो. सकिर अंसारी | मो. जाहीद हूसेन अंसारी | पुरुष | ५९१५२४५७ | सर्लाही २०५०/१२/२६ | सर्लाही मलंगवा | सर्लाही मलंगवा ७ | | मो.सकिर अंसारी | हूसेनी मिया |
| १९२ | ६ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | इन्द्रा देवी | महिला | १९३०३१/१३५३ | वारा २०६३/१२/२७ | वारा इनर्वा ९ | सर्लाही मलंगवा ८ | दयानन्द मिश्रा | शोभा कानत झा | नवद मिश्रा | दयानन्द मिश्रा | पुरुष | १९३०३१/२३३ | सर्लाही २०६३/१२/२७ | सर्लाही मलंगवा ८ | सर्लाही मलंगवा ८ | | नवद मिश्रा | शोभा कानत झा |
| १९३ | ७ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | सूशीला कूमारी श्रेष्ठ | महिला | ५२९६१९७८ | सर्लाही २०४०/०५/०२ | सर्लाही लालबन्दी १ | सर्लाही मलंगवा २ | धिरेन्द्र कूमार श्रेष्ठ | शिव वहादूर श्रेष्ठ | विरेन्द वहादूर श्रेष्ठ | धिरेन्द्र कूमार श्रेष्ठ | पुरुष | ५९१२०८८४ | सर्लाही २०३७/११/१६ | सर्लाही मलंगवा २ | सर्लाही मलंगवा २ | | विरेन्द वहादूर श्रेष्ठ | शिव वहादूर श्रेष्ठ |
| १९४ | ८ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | लक्ष्मी देवी चैधरी | महिला | १९८५/२०१४ | सर्लाही २०५५/०९/१ | सर्लाही मलंगवा १० | सर्लाही मलंगवा १० | सूरेश चौधरी | जानकी चौधरी | भूनेश्रृर चौधरी | सूरेश चौधरी | पुरुष | ७१४३३७३/१६३६ | सर्लाही २०३९/१२/१० | सर्लाही मलंगवा ९ | सर्लाही मलंगवा ९ | | भूनेश्रृर चौधरी | जानकी चौधरी |
| १९५ | ९ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | भूलन देवी | महिला | १९३०३१/३४४ | सर्लाही २०६३/१२/१८ | सर्लाही मलंगवा ३ | सर्लाही मलंगवा ३ | सत्रोधन जोगी | राजा गोसई | हरख नारायण गोसई | सत्रोधन जोगी | पुरुष | २९१७४६२० | सर्लाही २०५९/०९/०५ | सर्लाही मलंगवा ३ | सर्लाही मलंगवा ३ | | हरख नारायण गोसई | राजा गोसई |
| १९६ | १० | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | गीता राय यादव | महिला | १९१०/७०८ | सर्लाही २०६८/१०/०२ | सर्लाही मलंगवा १ | सर्लाही मलंगवा १ | राम स्वार्थ राय | दरेश राय | राम वुक्ष कापर | राम स्वार्थ राय | पुरुष | ५९१४१६५० | सर्लाही २०४४/०३/१० | सर्लाही मलंगवा ९ | सर्लाही मलंगवा १ | | राम वुक्ष कापर | दरेश राय |
| १९७ | ११ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | रिंकी कूमारी | महिला | १९३००६/२४४ | सर्लाही २०६४/०१/०६ | सर्लाही खैर्वा २ | सर्लाही खैर्वा २ | विजय कूमार सिंह | हरि शंकर ठाकूर | रामदेव सिंह | विजय कूमार सिंह | पुरुष | ४६५७००६३ | सर्लाही २०६३/०७/२६ | सर्लाही खैर्वा ६ | सर्लाही खैर्वा २ | | रामदेव सिंह | हरि शंकर ठाकूर |
| १९८ | १२ | ग्रा.वि.ल.वि.सं. लि.सर्लाही मलंगवा | सिता कूमारी | महिला | ११२/२०३२२४८६ | सर्लाही २०४६/०१/१४ | सर्लाही नोकैल्वा | सर्लाही संग्रामपूर २ | राज कूमार राय यादव | मूखलाल राय | जगदेव राय | राज कूमार राय यादव | पुरुष | १९३०३२/३९३ | सर्लाही २०६३/१०/१० | सर्लाही संग्रामपूर ९ | सर्लाही मूसैली ५ | | जगदेव राय | मूखलाल राय |
| १९९ | १ | शाखा कार्यालय लोहारपट्टी | समिना खातुन | महिला | १८-०१-७३-०२८३२ | ४/२/२०७३ | महोत्तरी | महोत्तरी, भंगहा-१ | उसमान मिया | हमिद राईन | जिवछ मिया | उसमान मिया | पुरुष | १२७५५९५३ | ११/१३/२०६५ | महोत्तरी | महोत्तरी, भंगहा-१ | | जिवछ मिया | हमिद राईन |
| २०० | २ | शाखा कार्यालय लोहारपट्टी | आश नारायण यादव | महिला | ४३३३११९ | १/१०/२०४५ | महोत्तरी | महोत्तरी, बगडा-५ | | बृजनन्दन यादव | | सोनावती देवी | महिला | १८३०४०/१७६ | ११/७/२०६३ | महोत्तरी | महोत्तरी, बगडा-२ | आश नारायण यादव | | बृजनन्दन यादव |
| २०१ | ३ | शाखा कार्यालय लोहारपट्टी | सोनावती देवी | महिला | १८३०४०/१७६ | ११/७/२०६३ | महोत्तरी | महोत्तरी, बगडा-२ | आश नारायण यादव | | बृजनन्दन यादव | आश नारायण यादव | पुरुष | ४३३३११९ | १/१०/२०४५ | महोत्तरी | महोत्तरी, बगडा-२ | | बृजनन्दन यादव | |
| २०२ | ४ | शाखा कार्यालय लोहारपट्टी | नसिरा खातून | महिला | १८-३-०४१/४४६ | ११/२३/२०६३ | महोत्तरी | महोत्तरी, लोहारपट्टी-९ | नबिब कवारी | सफिक राइन | सवजान कवारी | नबिब कवारी | पुरुष | ५५५६३१९१ | २/२८/२०६० | महोत्तरी | महोत्तरी, लोहारपट्टी-९ | | सवजान कवारी | सफिक राइन |
| २०३ | ५ | शाखा कार्यालय लोहारपट्टी | सीता देवी | महिला | १८-३-०५८/९५४ | ११/४/२०६३ | महोत्तरी | महोत्तरी, सिंग्याही-५ | शिवचन्द्र वात्तर | जैकिसून वात्तर | वौएलाल वात्तर | शिवचन्द्र वात्तर | पुरुष | ८८९३३५३७ | ८/५/२०५७ | महोत्तरी | महोत्तरी, सिंग्याही-५ | | वौएलाल वात्तर | जैकिसून वात्तर |
| २०४ | ६ | शाखा कार्यालय लोहारपट्टी | विना देवी महरा | महिला | १८३०३६/१६३ | १०/२७/२०६३ | महोत्तरी | महोत्तरी, डाम्ही मडै- १ | नन्दू महरा | धूरन चमार | तपेश्वर महरा | नन्दू महरा | पुरुष | २३१९४२९७ | १/१४/२०६१ | महोत्तरी | महोत्तरी, डाम्ही मडै- १ | | तपेश्वर महरा | धूरन चमार |

**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**

**(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त संस्था)**

# कमला पुलमा आवागमन अवरुद्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा र सिरहा जोड्ने हुलाकी राजमार्ग अन्तर्गत प्रमुख मार्ग रहेका कमला नदीमा बनाइएको अस्थायी बाँध भत्किएर आवागमन अवरुद्ध भएको छ ।

कमला पुल नजिक बनाइएको अस्थायी बाँध (डाइभर्सन) वर्षाले पानीको सतह बढेर बाँध भत्किँदा गत दुई दिनदेखि आवागमन ठप्प भएको जनाइएको छ । आइतबार बिहान परेको वर्षासँगै कमला नदी मा पानीको बहाव अचानक बढेको थियो ।

पानीको सतह बढदै करिब ३०० मिटर लामो अस्थायी बाँधको तीन फिट माथिसम्म पुगेको थियो । अत्यधिक दबाब सहन नसक्दा डाइभर्सन बीचैबाट भत्कियो, जसका कारण दुवैतर्फका सयौं सवारी साधन बीच बाटोमै फंसेको थियो । पछि प्रशासनको पहलमा ती सवारी साधनलाई उद्धार गरिएको स्थानीयहरूले बताएका छन् ।

कमला नगरपालिका-५ का वडाध्यक्ष शिवा पासवानका अनुसार पानी डाइभर्सनभन्दा करिब तीन फिट माथिसम्म पुगेको थियो । अहिले पानीको सतह केही घटेर एकदेखि डेढ फिटसम्म झरेको छ । मंगलबारदेखि



पैदल यात्रुहरूले जोखिम मोलेर सामान्य रुपमा आवागमन सुरु गरे पनि सवारी साधन भने अझै सञ्चालनमा आउन सकेका छैनन् ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले डाइभर्सन भत्किएको जानकारी पाएलगत्तै जेसीबीमार्फत माटो हाल्ने काम गरिएको बताए । उनले भने 'पानीको बहाव घटेसँगै बाटो पुनः सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ ।'

यो समस्या नयाँ भने होइन । ढिलासुस्ती र प्राविधिक कमजोरीका काण करिब १४ वर्षदेखि निर्माणाधीन रहेको कमला पुलको निर्माण कार्य सम्पन्न हुन सकेको छैन । २०७८ साल असार १४ गते पुल उद्घाटन गरिएको थियो, तर उद्घाटनको तीन दिनमै आएको बाढीले तीन वटा स्पान भाँसिएपछि पुल प्रयोगविहीन बन्यो । त्यसयता करिब पाँच वर्ष बितिसक्दा पनि मर्मत कार्य सम्पन्न हुन सकेको छैन ।

हुलाकी राजमार्ग आयोजनाले डिजाइनमै कमजोरी रहेको स्वीकार्दै नयाँ डिजाइन अनुसार पुनः निर्माणको काम अघि बढाइरहेको जनाएको छ । चालु आर्थिक वर्षभित्र काम सक्ने लक्ष्य राखिएको भए पनि स्थानीयहरू भने अझै विश्वस्त हुन सकेका छैनन् ।

पुल आभावले एक दशकभन्दा बढी समयदेखि स्थानीय बाँसको चचरीबाट जोखिमपूर्ण यात्रा गर्दै आएका थिए । पाँच वर्षअघि पुल बनेपछि सहज आवागमनको आशा जागेको थियो, तर पुल भासिएपछि उनीहरू पुनः पुरानै जोखिमपूर्ण अवस्थामै फर्केर आवागमन बाध्य छन् ।

स्थानीयको निरन्तर गुनासोपछि गएको पुस महिना अघि अस्थायी समाधानका रूपमा डाइभर्सन निर्माण गरिएको थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ निरीक्षणका क्रममा चचरीको विकल्पस्वरूप डाइभर्सन बनाउन निर्देशन दिएका थिए, उनकै निर्देशनमा अस्थायी बाँध बनाइएको थियो । तर वर्षाको सामान्य पानीले पनि अस्थायी समाधान पनि टिक्न सकेन । अहिले बाढी आउन बाँकी नै छ, यसले अनुमान लगाउन सकिन्छ ।

वि.सं. २०६८ जेठमा लुम्बिनी जेभीसँग करिब १४ करोड ९१ लाख रुपैयाँमा पुल निर्माण सम्झौता गरिएको थियो। २०७१ मंसिरमै सकिनुपर्ने परियोजना सात पटक म्याद थपिँदा लागत बढेर २० करोड ४३ लाख रुपैयाँ नाघिसकेको छ। तर अझै अन्तिम लागत कति पुग्ने भन्ने टुंगो छैन । हालको अवस्थाले स्थानीय जनजीवन कष्टकर बनेको छ भने विकास निर्माणमा भएको ढिलासुस्ती र कमजोर व्यवस्थापनप्रति प्रश्नहरू उठिरहेको छ ।

## उपभोक्ता समितिको सम्झौता रद्द




**टुडे समाचारदाता**

रौतहट । आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत स्वीकृत योजनाहरू सञ्चालनका लागि यसअघि विभिन्न उपभोक्ता समितिसँग गरिएको सम्झौता पर्यटन विकास कार्यालय रौतहटले रद्द गरेको छ ।

कार्यालय प्रमुख बबिता जैसवालका अनुसार यसअघि जारी गरिएका पत्रहरू प्रशासनिक तथा प्राविधिक कारणवश रद्द गरिएको हो । यसअघि निमित्त कार्यालय प्रमुखका रूपमा कार्यरत राजेश काफ्ले र कमलेश कुमार मिश्रले जारी गरेका पत्रहरू पनि रद्द गरिएको जनाइएको छ ।

कार्यालयले जारी गरेको सूचनामा यसअघि जारी गरिएका पत्रहरू अब मान्य नहुने भएकाले सो सम्बन्धमा कुनै पनि कार्य नगर्न-नगराउन अनुरोध गरिएको छ । आवश्यक परेमा नयाँ प्रक्रिया अनुसार पुनः पत्र जारी गरिने उल्लेख गरिएको छ ।

यसअघि निमित्त कार्यालय प्रमुखहरूले प्रक्रिया नअपनाई हचुवाका भरमा आफ्ना आसेपासेलाई उपभोक्ता समितिसँग सम्बन्धित पत्र बाँडेको आरोप लागेको छ । कार्यालय प्रमुख जैसवाल पदभार ग्रहण गरेको दुई दिन नबित्दै विभिन्न व्यक्तिहरू पुराना पत्र लिएर कार्यालयमा आउने क्रम बढेपछि समस्या देखिएको थियो ।

एउटै योजनाका लागि फरक-फरक व्यक्तिलाई छुट्टाछुट्टै पत्र जारी गरिएको समेत पाइएको छ । दुवै निमित्त कार्यालय प्रमुखको सरुवा भइसकेपछि पुरानो मितिमा जारी गरिएका पत्र कार्यान्वयन नगरी पारदर्शी र प्रक्रियागत रूपमा काम अघि बढाउन स्थानीयस्तरबाट माग उठ्दै आएको थियो ।

कार्यालय प्रमुख जैसवालका अनुसार विभिन्न योजनामा गरिएको टेन्डर सार्वजनिक खरिद ऐनअनुसार प्रक्रियागत रूपमा भएमा रद्द नहुनेछ । विगतका बेथितिको अन्त्य गर्दै प्रक्रियासम्मत कार्य अघि बढाउन कार्यालय प्रमुखले चालेको कदम प्रशंसनीय रहेको स्थानीयको भनाइ छ ।

## ट्रकमा किचिएर वृद्धको मृत्यु

**टुडे समाचारदाता**

लहान । सिरहाको गोलबजारमा भएको सवारी दुर्घटनामा एक वृद्धको ज्यान गएको छ । मंगलबार पश्चिमबाट पूर्वतर्फ गइरहेको ना.१क ९२२८ नम्बरको बालुवा बोकेको ट्रकले किच्दा वृद्धको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रत्यक्षदर्शीका अनुसार सडकमै अव्यवस्थित रूपमा लाग्ने हाटबजारका कारण उक्त दुर्घटना भएको हो । भीडभाडयुक्त सडक पेटीमा हिँडिरहेका बेला ट्रकको पछाडिको चक्काले किच्दा वृद्धको ज्यान गएको बताइएको छ ।

हालसम्म मृतकको पहिचान खुल्न सकेको छैन । इलाका प्रहरी कार्यालय गोलबजारका अनुसार शव पोस्टमार्टमका लागि तयारी भइरहेको छ ।

स्थानीयवासीहरूले शनिबार र मंगलबार सडकमै लाग्ने अव्यवस्थित हाटबजारका कारण पटक पटक दुर्घटना हुने गरेको गुनासो गरेका छन् । तर, स्थानीय सरकार र सम्बन्धित निकायको ध्यान यसतर्फ पर्याप्त रूपमा नपुगेको उनीहरूको आरोप छ ।

## ऐन संशोधनमाथि छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको अर्थ तथा योजना समितिको बैठक सम्पन्न भएको छ । मंगलबार बसेको सो बैठकमा 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' माथि विस्तृत छलफल गरिएको हो ।

बैठकमा सदस्यहरूले विधेयकसँग सम्बन्धित विभिन्न सुझाव, धारणा तथा अनुभवहरू प्रस्तुत गरेका थिए । छलफलका क्रममा उठाइएका विषयहरू नीति निर्माण प्रक्रियालाई अझ प्रभावकारी, समावेशी र व्यवहारिक बनाउन मार्गदर्शक हुने विश्वास समितिले व्यक्त गरेको छ ।

समितिले विधेयकमाथि भएको रचनात्मक छलफलले प्रदेशको नीति निर्माण संरचनालाई थप सुदृढ बनाउन मद्दत पुग्ने विश्वाससमेत गरेको छ । बैठक सफलतापूर्वक सम्पन्न भएको जनाउँदै समितिले सहभागिता जनाउने सम्पूर्ण सदस्य तथा सरोकारवालाप्रति धन्यवाद व्यक्त समेत गरेको छ ।

## आइसीयू र भेन्टीलेटर प्रयोगविहीन



**टुडे समाचारदाता**

मलंगवा । जनशक्ति आभावमा गत छौ वर्षदेखि सर्लाहीको सर्पदंश उपचार केन्द्र, नवलपुरमा आइसियू र भेन्टिलेटर सहितका उपकरण प्रयोगविहीन अवस्थामा थन्किएको छ ।

सञ्चालनका लागि प्रदेश तथा संघीय सरकारका मन्त्रीदेखि सांसदसम्मलाई पटक-पटक निरीक्षण गराई ध्यानाकर्षण गराउने प्रयास भए पनि ती उपकरण सञ्चालनमा आउन सकेको छैन । उपचार केन्द्रका अध्यक्ष उद्धवप्रसाद पौडेलले सञ्चालनका लागि तीन वटै सरकारी निकायमा निरन्तर पहल भइरहेकोछ ।

हालै सर्लाही क्षेत्र नं. १ की प्रतिनिधिसभा सदस्य नीतिमा भण्डारी कार्कीलाई पनि उपचार केन्द्रमा निरीक्षण गराई अवस्था अवगत गराइएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित कार्कीलाई थन्किएको उपकरण सञ्चालन तथा आर्थिक अवस्थाबारे विस्तृत विवरणसहित फाइल बुझाइएको अध्यक्ष पौडेलले बताए ।

गर्मी बढेसँगै सर्पदंशका बिरामी आउने क्रम बढेको छ। हाल उपचार केन्द्रमा सर्पले डसेका बिरामीलाई एन्टीस्नेकभेनमको सहायताले उपचार गरिन्छ । तर जटिल अवस्थामा रहेका बिरामीलाई आइसियू र भेन्टिलेटर सुविधा भएपनि जनशक्ति आभावमा जनकपुरधाम वा अन्य अस्पतालमा रेफर गर्नुपर्ने बाध्यता छ । समयमै रेफर गर्दा बाटोमै बिरामीको मृत्यु हुने जोखिम समेत रहेको स्वास्थ्यकर्मीहरूको भनाई छ । उपचार केन्द्रका इन्चार्ज जगन्नाथ यादवका अनुसार आइसियू र भेन्टिलेटर नहुँदा जोखिम मोलेर उपचार गर्नुपर्ने अवस्था छ।

नवलपुर सर्पदंश उपचार केन्द्रमा आइसियू र भेन्टिलेटर २०७६ सालदेखि प्रयोगविहीन छन् । मधेश प्रदेश सरकार र लालबन्दी नगरपालिकाको सहयोगमा खरिद गरिएका यी उपकरण सञ्चालनका लागि दक्ष जनशक्ति नहुँदा थन्किन पुगेका हुन् ।

दक्ष जनशक्ति व्यवस्थापनका लागि पटक-पटक पहल गरिए पनि सफलता मिल्न नसकेको अध्यक्ष पौडेलले बताए । उपचार केन्द्रले विज्ञ चिकित्सकका लागि बारम्बार दरखास्त आह्वान गरे पनि आवेदन नपरेको जनाएको छ। २०७६ साल असार २३ गते सेवाभावले कार्यरत डा. अर्जुन लामामाथि कुटपिट भएपछि अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरू उपकरण सञ्चालन गर्नबाट हिचकिचाइ रहेका छन् । त्यसयता आइसियू र भेन्टिलेटर सञ्चालन हुन नसक्दा सर्लाहीमा सर्पदंशका बिरामीको उपचार मुख्यतः एन्टीस्नेकभेनममै सीमित भएको छ।

## प्राद्यिकरणको कार्यप्रति पत्रकार महासंघको आपति

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गत रहेको आमसञ्चार प्राधिकरणको मनपरीविरुद्ध नेपाल पत्रकार महासंघ मधेस प्रदेशका आठै जिल्ला शाखाहरूले कडा आपति जनाएको छ ।




सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दा महासंघसँग समन्वय नगरी मनपरी गर्न खोजेको भन्दै महासंघका प्रदेशस्थित जिल्ला शाखाहरुले संयुक्त रुपमै आपति जनाएको हो ।

संयुक्त विज्ञप्ति जारी गर्दै महासंघका शाखाहरूले प्राधिकरणले सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएपनि व्यवहारमा त्यसको कार्यान्वयन नगरी बेवास्ता गर्न खोजेको हो भनी आपति सहित सचेत समेत गराएका छन् ।

महोत्तरीको बर्दिबासमा वैशाख १५ गतेदेखि सञ्चालन हुन लागेको 'स्थानीय तहमा पत्रकारिता प्रशिक्षणका लागि प्रशिक्षक तयार पार्ने' तीन दिने आवासीय तालिम कार्यक्रमलाई यस प्रवृत्तिको पछिल्लो उदाहरण उल्लेख गर्दै प्राद्यिकरणको मनपरीविरुद्ध आवाज उठाएका छन् ।

प्रारम्भमा जिल्ला शाखाहरूबाट प्रशिक्षक पत्रकारहरूको नामावली माग गरिएको थियो । तर केही दिनपछि महासंघसँग कुनै छलफल नगरी प्राद्यिकरणले अलग्गै सूचना प्रकाशित गरी आवेदन आह्वान गरिएको विज्ञप्तिमा उल्लेख छ ।

मिति २०८२ चैत १७ गते मधेस प्रदेशका आठै जिल्लाबाट ५/५ जनाको नामावली माग गरिएको भएता पनि त्यसपछिको प्रक्रियामा महासङ्घलाई पूर्ण रूपमा बेवास्ता गरिएको र चैत २५ गते प्राधिकरणले बेग्लै सूचना निकालेर विवरण पेस गर्न आह्वान गरेको उनीहरूको आरोप छ ।

महासंघसँग समन्वय नगर्ने कार्यले महासङ्घको गरिमा र संस्थागत भूमिकामाथि नै प्रश्न खडा गरेको भन्दै विगतमा सञ्चालन गरिएका एआईसम्बन्धी तालिमहरूमा पनि स्थानीय पत्रकारहरूको वास्तविक आवश्यकता र सन्दर्भलाई बेवास्ता गरिएको अनुभव दोहोरिनु चिन्ताजनक भएको विज्ञप्तिमा भनिको छ ।

महासंघले यस्ता गैर जिम्मेवार र असंवेदनशील कार्यशैलीप्रति कडा आपत्ति जनाउँदै आगामी दिनमा यस्ता कार्यक्रमहरू योजना बनाउँदा र कार्यान्वयन गर्दा अनिवार्य रूपमा नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गर्नुपर्ने माग गरेको छ । यसका साथै प्रदेश सरकारबाट विनियोजित बजेटको पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

विज्ञप्तिमा यस्ता मनपरी गतिविधिहरू तुरुन्त सच्याउनु पर्छ । हाम्रो सहभागिता, सम्मान र सहकार्यबिना सञ्चार क्षेत्रको दिगो विकास सम्भव छैन भन्ने कुरा सम्बन्धित पक्षले मनन गर्नुपर्छ चेतावनी समेत दिइएको छ ।

सो विज्ञप्तिमा महासंघका जिल्ला शाखा अध्यक्षहरु सप्तरीका श्रवण देव, सिरहाका मनोज बनैता, धनुषाका पुरण साह, महोत्तरीका महेश दास, सर्लाहीका ओमप्रकाश ठाकुर, रौतहटका सञ्जय कार्की, बाराका रमेश सुवेदी र पर्साका ओमप्रकाश खनालको हस्ताक्षर रहेको छ ।

## सिरहाका चार स्थानीय तह प्रशासकीय अधिकृतविहीन

**टुडे समाचारदाता**

लहान । सिरहाका चार स्थानीय तह अहिले प्रशासनिक नेतृत्वविहीन बनेका छन् । संघीय सरकारबाट सरुवा गरिएका प्रमुख प्रशासकीय अधिकृतहरू हाजिर नहुँदा ती स्थानीय तह प्रशासनिक नेतृत्वविहिन बनेको हो ।

जिल्लाको लहान नगरपालिका कल्याणपुर नगरपालिका, धनगढी र गोलबजार नगरपालिका लामो समयदेखि प्रमुख प्रशासकीयविहिन रहेको छ । यसले आर्थिक तथा विकास निर्माणका काम प्रभावित भएको स्थानीय तहहरूले गुनासो गरेका छन् ।

लहान नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत उपसचिव जयकान्त झाले बैशाख ५ गते अवकाश पाएपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपसचिव दुर्गाप्रसाद भूर्तेललाई लहानमा पठाएको थियो ।

बैशाख ८ मै सरुवा गरिएको भए पनि उनी हालसम्म नगरपालिकामा हाजिर भएका छैनन् । मन्त्रालयले




अन्य स्थानीय तहमा पठाएका अधिकृतहरू पनि अझै जिम्मेवारी सम्हाल्न पुगेका छैनन् ।

कल्याणपुर नगरपालिकामा सरुवा गरिएका उपसचिव विश्वरुप दाहाल, धनगढीमाई नगरपालिकामा पठाइएका मोहन निरौला र गोलबजार नगरपालिकामा खटाइएका रूपनारायण खतिवडासमेत हाजिर नभएको नगरपालिकाहरूले जनाएका छन् ।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना कार्यान्वयन र दैनिक प्रशासनिक काम ठप्पजस्तै भएको बताए । 'असार मसान्त नजिकिँदै गर्दा विकास योजनाहरूलाई तीव्रता दिनुपर्ने अवस्था छ । तर, प्रमुख प्रशासकीय अधिकृत नहुँदा काम प्रभावित भएको छ," उनले भने ।

त्यस्तै, कल्याणपुर नगरपालिकाकी कार्यवाहक प्रमुख रेखाकुमारी यादवले पनि आर्थिक तथा प्रशासनिक निर्णय प्रक्रियामा समस्या देखिएको बताइन् । 'विकास निर्माणको यो अत्यन्तै महत्वपूर्ण समय हो । यस्तो बेलामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना कार्यान्वयनमै चुनौती थपिएको छ,' उनले बताईन् ।

सरुवा भइसके पनि अधिकृतहरू किन हाजिर भएनन् भन्ने विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भने मौन देखिएको छ भने मन्त्रालयकी सचिव चन्द्रकला पौडेलले यस विषयमा प्रतिक्रिया दिन चाहेका छैनन् ।

## जिससलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रता र पत्रकारहरूको हकहित संरक्षणको मागसहित देशव्यापी रूपमा अघि बढाएको विरोध कार्यक्रम अन्तर्गत धनुषा शाखाले पनि आफ्नो सक्रियता बढाइएको छ ।

सोही अभियान अन्तर्गत नेपाल पत्रकार महासंघ धनुषाले जिल्ला समन्वय समितिमार्फत जिल्लाभरिका सबै नगरपालिका तथा गाउँपालिकाका साथै नगरपालिका र गाउँपालिका महासंघलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

विशेषगरी संघीय सरकारले विज्ञापन सरकारी मिडियालाई मात्र दिने नीतिविरुद्ध महासंघले देशव्यापी रूपमा आवाज उठाउँदै आएको सन्दर्भमा धनुषामा पनि सोही विषयलाई प्रमुख रूपमा उठाइएको हो ।

पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको नेतृत्वमा गएको टोलीले जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डललाई औपचारिक रूपमा ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको हो । पत्रकारहरूको सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र



सञ्चार क्षेत्रसँग सम्बन्धित विभिन्न चुनौतीहरूको समाधानका लागि स्थानीय तहको गम्भीर ध्यानाकर्षण उक्त पत्रमार्फत गराइएको महासंघले जनाएको छ । साथै, सरकारी विज्ञापन वितरणमा विभेदकारी नीति अपनाइएको भन्दै त्यसको पुनरावलोकन गर्न माग गरिएको छ ।

ध्यानाकर्षण पत्रमा वर्तमान परिस्थितिमा पत्रकारिता पेशा झन् चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै राज्यका सबै निकाय जिम्मेवार बन्नुपर्ने उल्लेख गरिएको छ । 'लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको स्वतन्त्र पत्रकारिता कमजोर भएमा समग्र शासन प्रणाली नै प्रभावित हुन्छ,' महासंघ धनुषाका अध्यक्ष पुरन साहले भने । उनले संघीय सरकारको विज्ञापन नीतिले निजी तथा स्वतन्त्र मिडियालाई कमजोर बनाउने खतरा बढेको बताएका छन् ।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख मण्डलले ध्यानाकर्षण पत्र ग्रहण गर्दै पत्रकारहरूको मागप्रति आफू गम्भीर रहेको प्रतिक्रिया दिँदै भने स्थानीय तहहरूसँग समन्वय गरी आवश्यक पहल गर्नेछु ।

अध्यक्ष साहले जिल्लाका सबै स्थानीय तह तथा सम्बन्धित महासंघहरूसम्म ध्यानाकर्षण पत्र पठाएर पत्रकारहरूको हकहित, प्रेस स्वतन्त्रता तथा समान विज्ञापन वितरणको पक्षमा दबाब सिर्जना गर्ने अभियानलाई निरन्तरता दिन आग्रह गरेका छन् ।

जातीय भेदभाव उन्मूलन गरौं ।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानून र नीतिहरुको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८